अभियान साप्ताहिक

ABHIYAN WEEKLY

abhiyanweekly40@gmail.com

वर्ष : ३८ / अंक : २७ / २०७७ माघ १६ गते शुक्रबार / 29 Jan., 2021 / मूल्य रू. १०/-

हामीलाई www.abhiyanonline.com मा पनि पढ्न सक्किन्छ ।

निर्णय गर्ने अधिकार जनतालाई दिऔं

काठमाडौ । गत पुस ५ गते प्रतिनिधिसभाको विघटनसँगै २०७८ साल बैशाख १७ र २७ गते दुई चरणमा गरी प्रतिनिधिसभाको निर्वाचन गर्ने घोषणा भईसकेको छ । निर्वाचन आयोगले निर्वाचनको प्रारम्भिक कार्यलाई अघि बढाईसकेको अवस्थामा सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टी अनौपचारिक रूपमा विभाजित भएपनि कानुनी रूपमा एउटै रहेको निर्णय निर्वाचन अयोगले माघ ११ गते गरेपछि अब के हुन्छ ? निर्वाचन हुन्छ कि हुँदैन ? प्रतिनिधिसभा विघटन सदर हुन्छ कि पुर्नस्थापना हुन्छ भन्ने व्यापक चर्चा चल्न थालेको छ । प्रतिनिधिसभा विघटन सम्बन्धी मुद्दा सर्बोच्च अदालतको सम्वैधानिक इजलासमा सुनुवाईकै क्रममा रहेको बेला निर्वाचन आयोगले कानुनी रूपमा नेकपा एउटै भएको निर्णय गरेपछि नेकपाभित्र अर्को संकट देखिएको छ ।

>>> बाँकी ८ पेजमा

मौकामा चौका हान्ने वामदेवको एकता अभियान

काठमाडौं । प्रचण्ड र ओलीका बीचमा उभिन पुगेका वामदेव गौतमले माघ १३ गतेदेखि एकता अभियान थालेका छन् । उनले भनेका छन्- एक नहुने हो भने मैले एमाले फोडेर ४ वर्ष चलाएजस्तै हुन्छ, चुनावमा एक सिट पनि जित्न सकिन । त्यसैले ओली र प्रचण्ड-माधव गुट तोडिनुपर्छ र नेकपा एक हुनुपर्छ ।

यसरी नेकपा फुट्नुमा प्रचण्ड र ओलीमा को जिम्मेवार भनेर हेर्दा दुबै बराबर जिम्मेवार देखें । यो स्थिति यथावत लम्ब्याउन हुन्न । यही स्थितिमा चुनाव

>>> बाँकी ८ पेजमा

हाताहाती सहमति ध्वस्त

काठमाडौ । प्रतिनिधिसभाको विघटन पछि पुष्पकमल दाहाल, माधव नेपाल पक्ष सडक संघर्षमा रहेको छ । प्रतिनिधिसभाको विघटन हुनु अघिसम्म कुम जोडेर आ आफ्नो स्वार्थ पूर्ति गर्नेहरु अहिले एकले अर्कोलाई शत्रुताको व्यवहार गरिरहेका छन् । पद र कुर्सीको लागि जनतालाई चिसो भुइमा बस्न बाध्य पारिरहेका छन् । केही दिन अघि दाहाल-नेपाल पक्षले प्रधानमन्त्री केपी ओलीका विरूद्ध प्रदर्शन गऱ्यो । गाउँ गाउँबाट मानिस ल्याएर सरकारको र प्रधानमन्त्रीको विरूद्धमा नाराबाजी गऱ्यो । सभामा दाहाल-नेपाल पक्षले प्रधानमन्त्रीको विरोध

>>> बाँकी ६ पेजमा

जनताले नै समस्याको समाधान गर्न सक्छन् !

नेकपाको नाम, चुनाव चिन्ह र झण्डा होल्ड हुन सक्ने !

काठमाडौ । सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टीको औपचारिक विभाजन नभएपनि अनौपचारिक रूपमा विभाजन भईसकेको छ । प्रतिनिधिसभाको विघटनपछि नेकपाका दुवै अध्यक्षहरु केपी ओली र पुष्पकमल दाहालले नेकपा आ आफ्नो पक्षको नेतृत्व गर्दै समान्तरका रूपमा नेकपाका कायक्रमहरु चलाईरहेका छन् । प्रतिनिधिसभाको विघटन सँगै निर्वाचनको मिति समेत तोकिसकिएको अवस्थामा प्रतिनिधिसभा विघटन सम्बन्धीको मुद्दा सर्बोच्च अदालतको सम्वैधानिक इजलासमा बहसकै क्रममा रहेको छ । पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओली पक्षले कुनै हालतमा पनि प्रतिनिधिसभाको पुर्नस्थापना नहुने भन्दै निर्वाचनको तयारी गरी विभिन्न ठाउँमा चुनावी सभा सम्मेलन गरिरहेका छन् भने पुष्पकमल दाहाल पक्षले प्रतिनिधिसभाको पुर्नस्थापना हुनुपर्ने भन्दै आन्दोलनका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । अर्को राजनीतिक दल नेपाली कांग्रेसले भने प्रतिनिधिसभाको विघटनलाई असम्वैधानिक भने पनि निर्वाचनको विरोध गरेको छैन । त्यसैगरी जनता समाजवादी पार्टीले समेत अदालतबाट जस्तो निर्णय आएपनि त्यसलाई स्वीकार गर्ने उद्घोष गरिसकेको छ । पछिल्लो समयमा राष्ट्रिय प्रजतन्त्र पार्टीले समेत निर्वाचनको विकल्प

नभएको भन्दै निर्वाचनकै तयारी गरिरहेको छ ।

गएको प्रतिनिधिसभाको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टीले झण्डै दुई तिहाई मत ल्याएको थियो । ७ प्रदेशसभा मध्येका ६ वटा प्रदेशमा नेकपाकै बहुमतको सरकार रहेको थियो । तर प्रतिनिधिसभाको विघटन पुस ५ गते पछि नेकपामा नै विभाजन आएपछि त्यसको असर प्रदेश सभा र प्रदेश सरकारमा समेत परेको छ । प्रदेश नं. १ र बागमति प्रदेशमा पुष्पकमल दाहाल, माधव नेपाल पक्षले प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी ओलीको पक्षमा रहेका दुवै मुख्यमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव दर्ता गरिसकेको अवस्थामा त्यसको छिनोफानो हुन अझै केही समय लाग्न सक्ने देखिएको छ । दुवै प्रदेशमा नेकपाकै बहुमत रहेको भएपनि प्रदेशमा समेत विभाजनको असर परेको हुनाले अब ती दुवै प्रदेशमा जस्को नेतृत्वमा सरकार निर्माण बन्ने भएपनि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकै सहयोग लिनुपर्ने अवस्था सिर्जना भएको छ । ती दुवै प्रदेशमा कांग्रेसको सहयोग विना सरकार निर्माण हुन नसक्ने अवस्था आएपनि कांग्रेसले भने कुनै निर्णय गर्न सकेको छैन । बैधानिक रूपले नेकपा विभाजित भई नसकेको र निर्वाचन आयोगले समेत ओली, दाहाल-नेपाल पक्षले गरेको आग्रहलाई अस्वीकार गर्दै अहिलेसम्म नेकपा सिंगो पार्टी रहेको निर्णय गरेपछि नेकपालाई अर्को संकट परेको छ । एकातिर प्रतिनिधि सभा विघटनको मुद्दा चालिरहेको छ भने अदालतले कहिले निर्णय दिन्छ भनेर अहिले नै भन्न सकिने अवस्था नभएकाले गर्दा मिति नै घोषणा भईसकेको निर्वाचन अदालतकै कारण रोकिन सक्ने हो कि भन्ने सम्भावना समेत

>>> बाँकी ८ पेजमा

नेकपा विभाजन पेचिलो बन्दै



काठमाडौ । नेपाल कम्युनिष्ट पार्टी पुष्पकमल दाहाल, माधव नेपाल समूहले नेकपाका पहिलो नम्वरका अध्यक्ष केपी ओलीलाई हटाएर माधव नेपाललाई अध्यक्ष बनाएको थियो । दाहाल-नेपालका अनुसार बहुमत केन्द्रीय समितिका सदस्यहरूले गरेको निर्णयलाई अपडेट गरिदिन निर्वाचन आयोगमा निवेदन दिएको थियो । तर निर्वाचन आयोगले माघ ११ गते निर्णय गर्दै नेपाललाई अध्यक्ष स्वीकार गर्न अस्वीकार गरेपछि अध्यक्ष चुनिएको एक महिना ४ दिनपछि नेपालको अध्यक्ष पद नै खोसिएको छ । उद्यारोमा कुनै सम्झौता नगर्ने भन्दै हातहाती सहमति हुनुपर्दछ भन्दै आएका नेपालको हाताहाती सहमतिमा भएको अध्यक्ष पद खोसिएपछि नेपाल तनावमा परेका छन् ।

निर्वाचन आयोगले नेपाललाई अध्यक्ष पदमा स्वीकार गर्न नसकिने निर्णय गरेपछि

>>> बाँकी ८ पेजमा

फासीवादी दमन चिरिन्छ : विप्लव

काठमाडौ । प्रधानमन्त्री केपी ओलीले संसद बिघटन गर्नु र आफ्ना कार्यकर्तालाई धरपकड गर्दै दमन गर्नुलाई विप्लव माओवादीले फासीवादी दमनको संज्ञा दिदै विद्रोहको आँधीबेहरी ल्याउने चेतावनी दिएको छ ।

>>> बाँकी ६ पेजमा

बैधानिक रुपमा नेकपा एउटै

काठमाडौ । सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टी अनौपचारिक रूपले विभाजित भईसकेको भएपनि विभाजनलाई औपचारिकता दिन निर्वाचन आयोगले अस्वीकार गरेको छ । आयोगको माघ ११ गते बसेको बैठकले कानुनी रूपमा नेकपा एक रहेको भन्दै विभाजनलाई अस्वीकार गरेपछि नेकपामा अर्को संकट थपिएको छ । नेकपाका दुई अध्यक्ष मध्येका एक प्रधानमन्त्री केपी ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल दुवैले आफूलाई नेकपाको अध्यक्ष भन्दै अलग अलग रूपमा पार्टीका काम कारबाही गर्दै आएका छन् । तर दुवै पक्षले पार्टी विभाजनका लागि राजनीतिक दल विभाजन सम्बन्धी ऐनले व्यवस्था गरेनुसारको प्रावधानमा जान नचाहेका

हुनाले निर्वाचन आयोगले विभाजनलाई बैधाकिता दिन अस्वीकार गरेको हो । दुवै पक्षले एकले अर्कोलाई कारबाही गर्दै आएका भए पनि दाहाल पक्षले माघ ११ गते आफ्नो स्थायी कमिटीको निर्णयअनुसार पहिलो नम्वरका अध्यक्ष एवं प्रधानमन्त्रीलाई पार्टीको साधारण सदस्यबाट समेत हटाउने निर्णय गरिसकेको अवस्थामा अब पार्टी एउटै हुने सम्भावना न्यून रहेको छ । दुवै पक्षले एकले

>>> बाँकी ८ पेजमा



India Republic Day: Modi's Hindutva Threatens Secular Constitution and National Unity

Mr. Haq

India's secular constitution came into effect on January 26, 1950, a day that is celebrated as Republic Day. Today, the national integrity and the secular foundations of the Republic of India are under threat from its current Prime Minister Mr. Narendra Modi whose leader MadhavGolwalkar wrote: “The non-Hindu peoples in Hindusthan must either adopt the Hindu culture and language, must learn to respect and hold in reverence Hindu religion” or “may stay in the country, wholly subordinated to the Hindu nation, claiming nothing, deserving no privileges, far less preferential treatment—not even citizen’s rights.” Recently enacted laws like Citizenship Amendment Act (CAA), National Registration of Citizens (NRC), beef ban and Love Jihad are translating Golwalkar's vision of Hindu Rashtra into reality.

War on Indian Muslims:In a prescient remark back in 1940s, Dr. B.R. Ambedkar, the framer of India's constitution, warned that “…if war comes in this country and if that war has any relation to the issue with which we are confronted today, it will not be a war on the British. It will be a war on the Muslims”. Rising daily violence against Indian Muslims and recently enacted laws like Citizenship Amendment Act (CAA), National Registration of Citizens (NRC), beef ban and Love Jihad confirm what Dr. Ambedkar feared.

Ex PM Manmohan Singh's Fears:Former India Prime Minister Mr. Manmohan Singh's fears of India's disintegration are much more tangible now than ever before. In an interview on BBC's Hard Talk with Indian journalist Karan Thapar in 1999, Mr. Singh: "Great Nations like the Soviet Union have perished. If we continue to mis-manage our economy and continue to divide our country on the basis of religion, caste or other sectarian issues there is a danger of that sort of thing happening".

Today, the rise of Hindutva forces is tearing India apart along caste and religious lines as the country celebrates its Republic Day. Hindu mobs are lynching Muslims and Dalits. A Pew Research report confirms that the level of hostility against religious minorities in India is "very high", giving India a score of 9.5 on a scale from 0 to 10. Pakistan's score on this scale is 7 while Bangladesh's is 7.5.

Will India Break Up?In a book entitled "The Raisina Model", British-Indian author Lord Meghnad Desai asks: "A country of many nations, will India break up?" The Hindu Nationalists who are blamed for deepening divisions are themselves divided on the key questions of caste, religion and trade. Professor Walter Anderson, co-author of "The RSS: The View to the Inside" raises the specter of "a battle between Hindutva and Hinduism".

The Raisina Model:In "The Raisina Model", Lord Meghand Desai says that India's breakup can not be ruled out. Specifically, he points to three issues that could lead to it:

1. Cow protection squads are killing Muslims and jeopardizing their livelihoods. The current agitation about beef eating and gauraksha is in the Hindi belt just an excuse for attacking Muslims blatantly. As most slaughterhouses in UP are Muslim-owned, owners and employees of these places are prime targets.

2. India has still not fashioned a narrative about its nationhood which can satisfy all. The two rival narratives—secular and Hindu nation—are both centred in the Hindi belt extending to Gujarat and Maharashtra at the most. This area comprises 51% of the total population and around 45% of the Muslims in India.

3. India has avoided equal treatment of unequal units. Representation in the Rajya Sabha (Upper House of Parliament) is proportional to population size. If anything, it is the smaller states that may complain about being marginalized, though so far none has. The larger states thus dominate both Houses of Parliament. It would be difficult



for small states to object, much less initiate reform. In future, small states could unite to present their case for better treatment. Except for Punjab and Nagaland, there has been no attempt to challenge the status quo.

Hindutva vs Hinduism:In "The RSS: The View to the Inside", the author Walter Anderson brings out several areas which could lead to a split within the Hindu Nationalists. These disagreements have to do with low caste Hindus, Muslims and foreign trade and investment policies.

1. The leadership of the theRashtriyaSwayamsevakSangh (RSS) is drawn entirely from the upper caste Brahmins. The RSS founder Golwalkar never spoke against the caste system. The RSS opposes affirmative action, called reservations, to benefit low caste Hindus. At the same time, they want to integrate Dalits and OBCs (Other backward classes of which Prime Minister Modi is a member) into the organization to promote Hindu unity.

Anderson believes that it will be extremely difficult to reconcile Hindutva embrace of lower castes with the entrenched Hindu caste system. He says the following:

"..there will eventually be a battle between Hindutva and Hinduism. Hindutva emphasizes the oneness of Hindus, whereas ground realities are very different. Let me give an example. Following the egalitarian ideology, Tarun Vijay, an RSS ideologue and former editor of Panchjanya and Organiser, once led some Dalits into a temple in central India, where they had not been before. He was beaten up, but few in the RSS family vocally supported him. They kept mostly quiet. As one important RSS functionary put it to me, the key question is: how do we keep our organisation intact if we do move towards an egalitarian Hindu society?"

2. When RSS leader MD Deoras invited Indian Muslims to join the RSS, he argued that Muslims were mostly India-born, and therefore Indian. But he made the Muslim entry into the RSS conditional upon accepting India’s “historic culture”. RSS leaders argue that South Indian Muslims, or Indonesian Muslims are ideal Muslims. South Indian Muslims speak the regional languages; and Indonesia, a primarily Muslim country, has the Ramayana as its national epic.

3. Many RSS ideologues oppose Prime Minister Modi's policies of promoting foreign trade and investment. They view Modi's economic policies with great skepticism.

Summary:
Dr. B.R. Ambedkar's fears of War on Indian Muslims are becoming reality. Former India PM Manmohan Singh has warned: "Great Nations like the Soviet Union have perished. If we continue to mis-manage our economy and continue to divide our country on the basis of religion, caste or other sectarian issues there is a danger of that sort of thing happening". The rise of RSS and its affiliates in India is deepening divisions in the country along multiple fault lines, the most important being caste and religion. The RSS leadership itself is not unified on how to deal with the divisions they have created and promoted. This situation has raised the social hostilities in India to very high levels. Pew scores social hostilities against minorities in India at 9.5 on a scale from 0 to 10. Professor Walter Anderson, co-author of "The RSS: The View to the Inside" has raised the specter of "a battle between Hindutva and Hinduism". And it has caused Lord Meghnad Desai, author of The Raisina Model, to ask the question: Will India break up?

एकीकरण मार्ग कार्यक्रम बृहत सेमिनार हुने

काठमाडौ । नेपाल सरकारका सम्बन्धित मन्त्रालयका वरिष्ठ पदाधिकारीहरु, पुरातत्वविद, इतिहासविद, भूगोलविद, पर्यटन व्यवसायी संघ, प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, विद्यार्थी, पत्रकार एवं नेपाली सेनाका रथीवृन्द तथा अधिकृतहरुको सहभागितामा मिति २०७७ माघ २२, २३ र २५ गतेको ११०० बजेदेखि १७०० बजेसम्म जंगी अड्डास्थित सभामण्डपमा ३ (तीन) दिने “एकीकरण मार्ग कार्यक्रम बृहत सेमिनार-२०७७’ आयोजना गर्न लागिएको सेनाले जनाएको छ ।

प्रधानसेनापति महारथी पूर्णचन्द्र थापाबाट उक्त सेमिनारको समुद्घाटन पश्चात कार्यक्रमको अवधारणा, नेपालको ऐतिहासिक गढी तथा किल्लाको प्रोफाईल निर्माण, एकीकरण मार्ग कार्यक्रम सम्बन्धि वृत्तचित्र प्रदर्शन, एकीकरण मार्ग कार्यक्रम सम्बन्धी एबलभम्ष्कअगककष्यल लगायत अन्य समसामयिक विषयवस्तुहरुबारे छलफल गरिने कार्यक्रम रहेको छ । मिति २०७७ माघ २५ गतेको १५१० बजे सम्माननीय प्रधानमन्त्री एवं रक्षामन्त्रीबाट उक्त सेमिनारको समापन हुने कार्यक्रम रहेको छ ।

ऐतिहासिक सम्पदाको रूपमा रहेको गढी तथा किल्लाहरुको संरक्षण एवं सम्वर्धन भई राष्ट्रिय एकताको भावना जगाउन यस प्रकारको सेमिनारले महत्वपुर्ण भुमिका खेल्ने नेपाली सेनाले विश्वास लिएको छ भन्ने विज्ञप्तिमार्फत जनाएको छ ।

दास थियौं, दास छौं, नबोले दास बनेर मछौं

• राजन कार्की
rajan2012karki@yahoo.com

राजाले बिगारे भनेर सत्तोसराप गर्ने हामी हौं । राजाको पुतला जलाउने पनि हामी हौं । गिरिजा, देउवा, प्रचण्ड, माधव, झलनाथ, ओली खराव भए, देश खाए भनेर ढाडे हात लगाएर सरापिरहने पनि हामी जनता हौं । यी सबै खराव थिए भने यस्तालाई मत दिएर सत्तामा पुऱ्याउन हामी कसरी असल हौं ?

राजा फाल्दा जयजयकार गऱ्यौं, हिन्दुराष्ट्र हटाउँदा चुपचाप बस्यौं । लोकतन्त्र, गणतन्त्र आयो, हामीले बोक्यौं । लोकतन्त्रले लुट्यो, गणतन्त्र गनायो, सहेर र सुँघेर बस्ने हामी हौं । संघीयताले गर्नुसम्म भ्रष्टाचार मच्चायो, हामीले कर तिरिरह्यौं, भ्रष्टाचार हेरिरह्यौं । गल्ती हामी जनताको हो ।

जहिले पनि सत्तोसारप गर्ने, ढाडे हात लगाएर गाली गरिरहने दास हौं हामी । भएकृ फाल्ने, नभएको माँग्ने र झन झन बिग्रदै भत्कदै जाँदा पनि जात्रा हेरिरहने जात्रे हौं हामी । जात्रे भनेको जात्रे हुन्छ, जात्रा हेऱ्यो, फर्कियो ।

हुन्न भनेपछि फेर्न नसक्ने दासहरूको काम मुखले बिरोध गरेर व्यवहारमा दासता सहनुमात्र हो । ०४६ सालमा प्रजाबाट जनता भयौं, ०६३ सालमा जनताबाट नागरिक बन्यौं भनियो, आज हामी कसरी नागरिक बन्यौं भन्ने प्रश्न उठ्यो । हामी त दासजस्तो जीवन बाँचिरहेका छौं । हामी न आफू बदलियौं, न जवाफदेही शासनव्यवस्था ल्याउन सक्यौं । हाम्रो काम असन्तुष्टि पोख्ने र असन्तोष भएर मृत्यु कुर्नेमात्र हो ।

हामी न नेता बन्न सक्छौं, न नेता जन्माउन सक्छौं । जतिसुकै आक्रोसित भए पनि उही दल, उही नेतालाई पटक पटक जिताउँछौं । नयाँ नेता जन्माउनै सक्दैनौं । मतदान गरिसकेपछि, शासनबाट हण्डर ठक्कर खाइसकेपछि फेरि भन्छौं, यिनले त देश बिगारे । वास्तवमा नेताले होइन, जनताले देश बिगारिरहेका छन् । जबसम्म जनता हाम्रो होइन, राम्रो नेता चुन्न सक्दैन, तवसम्म जनता यसैगरी दासतामा बाँचिरहनेछ । जनतामा यो चेत फिर्ने कहिले ? चुनाव आयो कि ठूला पार्टी र नामी भ्रष्ट, नैतिकहीनहरूको पछि लाग्न छाड्ने कहिलेदेखि ? जनता जागरूक नभएसम्म देश विदेशी घूसपैठमा घुलिरहनेछ, विदेशी चलखेलको मैदान बनिरहनेछ र सुशासन कदापि आउने छैन ।

जनआन्दोलनले परिवर्तन आयो र संविधानसभाको चुनाव भयो । दुईपल्टको संविधानसभामा जो जो सभासद बने, तिनीहरु संविधानसभामा मोवाइल खेलाएर बसे, घूर घूर घुर्दै निर्दाएर समय काटे, घरको तिहुन तर्कारीका गफ गरेर थाकेनन् । यति सानो देशमा ६ सय १ संविधानसभा सदस्य बनाइयो, जनता बोलेनन् । ८ वर्ष लगाएर बल्ल बल्ल जारी गरिएको संविधानमा जनतासँग माँगिएका सुझाव समावेश गरिएनन् । जनता बोलेनन् ।

संविधान पारित गर्दा धार्मिक स्वतन्त्रता लेखिएको थियो, जारी हुँदा धर्मनिरपेक्ष भएर जारी भयो । एक त धार्मिक द्वन्द्व आयो, अर्को संघीयता पार्टीका कार्यकर्ता पाल्ने जागीर बन्यो । भ्रष्टाचार गर्ने ठेक्का भयो । राष्ट्रपतिको चुनावमा अपठित महिलालाई प्रधानमन्त्रीको निकट भएकाले चयन गरियो । त्यसपछि दिनदिनै राजनीतिक व्यभिचार यसरी बढ्यो कि नेताहरूमा नै तेरोमेरो सुरू भएर बेमेलका कुराहरु बाहिरिए । अहिले आएर त सत्तारूढ पार्टीमै पानी बाराबार भइरहेको छ भने संवैधानिक संकटको पिलो सर्वोच्च अदालत प्रवेश गरेको ।

प्रधानमन्त्रीले संविधान मिचे भनेर चार पूर्व न्यायाधीशले राजनीतिकरणमा रंगिदा उनीहरूविरूद्धसमेत अदालतको मानहानी मुद्दा परेको छ । सर्वोच्चका चार पूर्व प्रधानन्यायाधीश विरूद्ध सर्वोच्चमै मुद्धा परेको यो पहिलो घटना हुनपुगेको छ ।

●●●

राजा फाल्दा जयजयकार गऱ्यौं, हिन्दुराष्ट्र हटाउँदा चुपचाप बस्यौं । लोकतन्त्र, गणतन्त्र आयो, हामीले बोक्यौं । लोकतन्त्रले लुट्यो, गणतन्त्र गनायो, सहेर र सुँघेर बस्ने हामी हौं । संघीयताले गर्नुसम्म भ्रष्टाचार मच्चायो, हामीले कर तिरिरह्यौं, भ्रष्टाचार हेरिरह्यौं । गल्ती हामी जनताको हो ।

●●●

चुनावमा एमालेको बहुमत आएपछि संसदीय दलको नेता चयन नगर्दै, संसदमा बहुमत शिद्ध नगरिदै प्रधानमन्त्रीलाई शपथ गराइयो । तिनै प्रधानमन्त्रीविरूद्ध अहिले संविधान उल्लंघन गरेर संसद भङ्ग गरेको आरोप लागेको छ । प्रधानमन्त्री भन्छन्- यो राजनीतिक मुद्दा हो । यो मुद्दामा राष्ट्रपति पनि तानिएकी छिन् । यो संवैधानिक संकट यति भयानक रूप धारण गर्दैछ कि कतै संकटकाल र राष्ट्रपति शासन ननिम्त्याओस् । यद्यपि प्रधानमन्त्रीले संघीयता खारेज गर्ने विषयमा कानुनी परामर्श सुरू गरिसकेका समाचारहरु पनि सार्वजनिक भइरहेका छन् ।

देशभित्र संवैधानिक संकट गहिरियो । संविधानले नोज डाइभ गऱ्यो । संविधान दुर्घटनाग्रस्त भइसक्यो ।

देशमा केही समस्या पऱ्यो कि प्रधानमन्त्री अध्यादेश ल्याउने, राष्ट्रपति लालमोहर हानिदिने । अर्थात संविधानको काम र प्रभाव देखिन छाड्यो ।

अचम्म त कतिसम्म भयो भने संसदको विश्वास भएन । बिघटन गरियो, कार्यपालिका, न्यायपालिकाप्रति पनि अविश्वास बढेर गएको छ ।

बहुमत, अझ झण्डै दुई तिहाइको सरकारले पनि स्थिर शासन गर्न सकेन । अराजकताको सिर्जना हुनपुग्यो । कांग्रेस लगायतका प्रतिपक्षीको मौनता र सत्तारूढ कम्युनिष्टहरूबीचको मतभिन्नताले संविधान हलो न मुङ्गोको स्थितिमा पुग्यो ।

सत्तारूढ दलभित्रैको प्रतिपक्ष सडक आन्दोलन गरिरहेको छ । सरकार प्रशिक्षणको नाममा त्यसको जवाफ दिने तैयारी गरिरहेको छ । हरेक दल असन्तुष्ट छन् । त्यसमाथि वैद्य र विप्लवको जनवादी आन्दोलन सशस्त्र हुने खतरा बढेर गएको छ । यता राजतन्त्र र हिन्दुवादीहरु पनि सडक आन्दोलन चर्काउँदै गएका छन् ।

पार्टी, सरकार, समाज सबै आन्दोलनमा । यो कस्ता अराजक स्थिति हो ? कतिसम्म कानुनव्यवस्था बिग्रिएको र नेताहरूको मतिभ्रष्ट भएको अवस्था हो ? देश सवालै सवालबाट घेरिन पुगेको छ ।

प्रतिपक्षीहरु जुलुस गरिरहेका छन्, सरकार पनि जुलुसमै उत्रिन थालेको छ । एकपक्षले अर्कोपक्षलाई ललकारिरहेको छ, आरोप प्रत्यारोप बढ्दै गएको छ । सत्तादेखि नागरिकतहसम्म विरोधै विरोध देखिन्छ, सुनिन्छ ।

समस्या संविधानमा छ । संघीयता, धर्मनिरपेक्षता र गणतन्त्रमा छ । फरक फरक मत छ । हिंसा बढ्यो भने रक्तपातको खतराको आहट सुन्न सकिन्छ ।

सत्ता र शक्तिमा हुनेहरु आर्थिक अराजकता फैलाइरहेका छन्, आन्दोलितहरु कानुन व्यवस्थाका सीमाहरु नाघेर अस्थिरता बढाइरहेका छन् । सुशान छैन, विकास ठप्प छ । जनआन्दोलनपछि एकपल्ट सुनिएको थियो- बुद्ध जन्मन्छ कि हिटलर ? नेपाली राजनीतिमा हिटलरको बिगबिगी पो देखिन थाल्यो । हरेक नेता तानाशाह जस्ता लाग्छन् । संविधानमा उल्लेखित शक्ति पृथकीकरणको सिद्धान्त कसैले नमान्दा र सर्वत्र राजनीतिकरण हुँदा यो लथालिङ्ग अवस्थाको सिर्जना हुनपुगेको हो । यो पिलो रोगजस्तै हो, यसलाई ननिचोर्ने हो भने राष्ट्रलाई नराम्ररी पिर्ने स्थिति देखिन्छ ।

विदेशी ताकतका लागि नेपालमा बढ्दो अराजकता रमाइलो भएको छ । भारतबाट स्थल सेनाध्यक्ष आए, रअका प्रमुख आए, विदेश सचिव आए र गोप्य वार्ताहरु गरेर फर्किए । चीनबाट रक्षामन्त्री, उपमन्त्री आए र आफ्ना चिन्ता र चासोलाई स्थापित गरेर गए । अमेरिकी र युरोपियनहरु पनि सक्रिय देखिन्छन् । हरेक मुलुकका राजदूतहरूको सक्रियता ह्वात्तै बढेर गएको छ ।

संविधानमा सिस्नो रोपियो, सिस्नो नै फल्यो, सुन्तलाको आश गर्नु बेकार थियो, बेकार हुनपुग्यो ।

यसरी दलहरूको असफलता देशमाथि थोपर्न पाइदैन । देश भाँड्ने छुट कसैलाई हुनुहुन्न । देशमा अभिभावकीय दायित्व निर्वाह गर्नसक्ने व्यक्ति, शक्ति अगाडि आउनुपर्छ । अब पनि अबेर गर्नु भनेको पश्चाताप गर्न तैयार हुनु हो ।

जनता दास होइनन् भने अभिभावक खोज्न, जन्माउन, स्थापित गर्न सक्नुपर्छ । राज्य थाम्नका लागि सक्षम अगाडि आउनैपर्छ ।

पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

संसद् पुर्नस्थापनाले समस्याको समाधान हुँदैन

नेपाल कम्युनिष्ट पार्टी भित्रको आन्तरिक द्वन्द्वले गर्दा प्रतिनिधिसभा गत पुस ५ गते विघटन भएको छ । प्रतिनिधिसभाको विघटन र नेपाल कम्युनिष्ट पार्टीको आधिकारिकता सम्बन्धी विवाद अहिले सर्बोच्च अदालतको सम्वैधानिक इजलास र निर्वाचन आयोगमा विचाराधिन अवस्थामा रहेको बेला नेकपाका दुवै पक्ष पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली र पुष्पकमल दाहाल दुवैले दाबी गरिरहेपनि दुवै पक्षले दल विभाजनसम्बन्धी ऐनभित्र प्रवेश नगरेका हुनाले अब आधिकारिता सम्बन्धी विवाद पनि अदालतमै पुगने निश्चित जस्तै देखिएको छ । प्रधानमन्त्री केपी ओली पक्षले विघटन भईसकेको प्रतिनिधिसभा कुनै हालतमा पनि पुर्नस्थापना हुन नसक्ने भन्दै ओली पक्ष निर्वाचनको तयारीमा जुटेको छ भने सरकार समेत निर्वाचनको तयारीमा लागिसकेको छ । निर्वाचनको मिति नै तोकिसकिएकोले गर्दा निर्वाचन आयोगले समेत निर्वाचनको प्रारम्भिक कार्यलाई अघि बढाईसकेको छ ।

***नेकपाको अर्को पक्ष पुष्पकमल दाहाल, माधव नेपाल पक्ष भने कुनै हालतमा पनि निर्वाचन नहुने भन्दै प्रतिनिधिसभा विघटनलाई स्वीकार गर्न तयार देखिएका छैनन् । त्यसैले उसले सडक आन्दोलनबाटै प्रतिनिधिसभा पुर्नस्थापना गर्ने भन्दै आन्दोलन गरिरहेको छ । सडक आन्दोलन बाटै दाहाल–नेपाल पक्षले धम्कीको भाषा प्रयोग गरि अदालतलाई आफ्नो प्रभावमा पार्ने प्रयास गरिरहेको छ । प्रतिनिधिसभा विघटन हुँदा प्रधानमनत्री बहुमतकै रहेका, सत्ताधारी दल औपचारिक रुपमा विभाजन नभएको, प्रधानमन्त्रीका विरुद्ध संसदमा अविश्वासको प्रस्ताव समेत दर्ता नभएको र सत्ताधारी दलसँग प्रतिनिधिसभाका १ सय ७४ सांसद रहेकोमा बैकल्पिक सरकार बन्न सक्ने अवस्था नै नदेखिएपनि सडक आन्दोलनबाटै प्रतिनिधिसभाको पुर्नस्थापना हुनुपर्दछ भन्नु सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान हो ।*

संसदमा रहेका सांसदहरूको संख्या जम्मा २ सय ७५ रहेकोमा सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टीसँग प्रतिनिधिसभा विघटन भएको दिनसम्ममा पुष्पकमल दाहाल, माधव नेपाल, झलनाथ खनाल सहितका १ सय ७४ सांसद नै प्रधानमन्त्रीकै पक्षमा रहेको र प्रमुख विपक्षी दल नेपाली कांग्रेस सहितका अन्य दलको संख्या जम्मा १ सय १ मात्र रहेकोले नेकपा औपचारिक रुपमा विभाजन नभएको अवस्थामा अर्को सरकार बन्न सक्ने अवस्था देखिँदैन र आजसम्ममा पनि नेकपा औपचारिक विभाजित नभएको हुनाले बैकल्पिक सरकारको कुरा गर्नु आकाश खस्छ भन्नु बाहेक केही हुन सक्दैन । सर्बोच्च अदालतको सम्वैधानिक इजलासमा प्रतिनिधिसभा विघटनको मुद्दाको सुनुवाई भईरहेको छ । कानुन व्यवसायीहरूले आ आफ्नो पक्षमा बहस पैरवी गरिरहेका भएपनि अदालतले हेर्ने भनेको बैकल्पि सरकार बन्न सक्ने अवस्था थियो कि थिएन र प्रधानमन्त्रीले संसद विघटन गर्न पाउँछ कि पाउँदैनन् भन्ने नै हो । शक्ति सन्तुलनका लागि मुलुकमा व्यवस्थापिका संसद, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको छ । यी तीन मुख्य अङ्गहरूले एकले अर्काको काम कारबाहीमाथि हस्तक्षेप गर्न पाउँदैनन् । व्यवस्थापिका संसदले ऐन, कानुनहरू संविधान अर्न्तगत रहेर निर्माण गर्ने हो । उसले निर्माण गरेका ऐन कानुन अनुसार कार्यपालिकाले सरकार सञ्चालनगर्ने हो र न्यायपालिकाले कार्यपालिकाले आफूले पाएको अधिकारभित्र रहेर सरकार सञ्चालन भएको छ कि छैन भनेर हेर्ने र जाँच गर्ने मात्र हो ।

कार्यपालिकाले सरकार सञ्चालन गर्दा गल्ती गरेको भए न्यायपालिकाले त्यसलाई सुधार गर्न सरकारलाई आदेश दिन सक्छ तर आदेश दिने नाममा जनतामा निहित भएको सार्वभौमसत्ता सम्पन्नतालाई अदालते समेत खोस्न सक्दैन, त्यो विश्वव्यापी सिद्धान्त नै हो । बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्रीले ताजा जनादेशको आवश्यकता महसुस गरेको खण्डमा उनी ताजा जनादेश लिन जनतामा जान सक्छन् । आफूलाई सरकार सञ्चालनमा बाधा विरोध भएको खण्डमा सार्वभौमसत्ता सम्पन्न भनिने जनताबाट जनादेश लिन खोज्नुलाई प्रतिगमन भन्न सकिँदैन बरु जनताले पाएको अधिकारलाई खोस्न खोज्नेहरूलाई प्रतिगमनकारी भन्न सकिन्छ । जनताको ताजा जनादेश लिन खोज्ने चाँहि प्रतिगमनकारी हुने तर जनताको अधिकार खोस्ने व्यक्ति र दल चाँहि अग्रगमनकारी हुने यो कस्तो लोकतान्त्रिक पद्दति र लोकतन्त्र हो ? दुवै पक्ष ओली र दाहालले साँच्चिकै दल विभाजन गराउन खोजेको हुन् भने उनीहरू दुवै दल त्यागसम्बन्धी ऐनले व्यवस्था गरेनुसार अगाडि बढून सक्नुपर्छ तर अहिले उनीहरूले एकले अर्कोलाई हटाएको, कारबाही गरेको ओलीलाई पार्टीको अध्यक्षबाट हटाएर माधव नेपाललाई दाहाल–नेपाल पक्षको अध्यक्ष बनाइको दाहाललाई कार्यकारी अध्यक्षबाट हटाइएको विघटन संशोधन गरिएको, केन्द्रीय समिति विस्तार गरिएको लगायतका निर्णयहरू मात्र गरेर निर्वाचन आयोगमा पत्राचार गरेका हुनाले उनीहरू दुवै पक्ष पार्टी विभाजनको भारी बोक्न चाहाँदैनन् भन्ने प्रष्ट भएको छ । यहि कारणले गर्दा अहिले सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टी कानुनी रुपमा एउटै भएको हुनाले पनि सम्वैधानिक इजलासले अब त्यसैलाई आधार मानेर बैकल्पिक सरकार निर्माण गर्न संसद समक्ष हुने थियो कि थिएन भनेर हेर्नुपर्ने आवश्यकता देखिन्छ । जबसम्म नेकपा औपचारिक रुपमा विभाजन हुँदैन तबसम्म अर्को सरकार यहि संसदबाट बन्न सक्ने अवस्था देखिँदैन र अहिलेकै अवस्थामा ओली, दाहाल–नेपाल पक्ष एकै ठाउँमा बस्न नसक्ने अवस्थाको सिर्जना भएकाले त्यसको छिनोफानो निर्वाचनबाटै हुनु उपयुक्त विकल्प हो । दल त्यागसम्बन्धी ऐनले व्यवस्था गरेका प्रावधानहरूलाई दुवै पक्षले स्वीकार गरेका भएपनि दुवै पक्ष औपचारिक रुपमा विभाजन भई नसकेका अवस्थालाई कानुनले स्वीकार गर्न सक्दैन त्यसैले अदालतले प्रतिनिधिसभाको विघटनलाई सदर गर्नुपर्ने आवश्यकता देखिन्छ ।

बहुमतको कार्यकारी प्रधानमन्त्रीले प्रतिनिधिसा विघटन गरेको निर्णयलाई अदालतले बदर गरि दिएको खण्डमा त्यसले अर्को संकट ल्याउन सक्छ । धम्कीकै भरमा र सडकबाटै प्रतिनिधिसभा पुर्नस्थापना गर्दछौं भनेकै भरमा मरिसकेको प्रतिनिधिसभालाई पुर्नस्थापना गरिदिएको खण्डमा राजनीतिक दलहरूमा पुन ताण्डप सुरु हुने र सांसदहरूको खरिद विक्रिले प्रश्रय पाउने हुनाले त्यसलाई रोक्नपनि र प्रतिनिधिसभा विघटन भएमा बाहेक प्रतिनिधिसभाको कार्यकाल ५ वर्षको हुनेछ भन्ने संविधानको धारा ८५(१) मा उल्लेख गरिएकोले प्रतिनिधिसभा विघटन हुनसक्छ भन्ने परिकल्पना गरिएको हो । त्यसमा पनि ताजा जनादेशको लागि सार्वभौमसत्ता सम्पन्न जनतामा जान्छु भन्नु जनताको मतको कदर गर्न खोज्नु हो भन्ने हामीले ठानेका छौं । तसर्थ प्रतिनिधिसभाको पुर्नस्थापना समस्याको समाधान हुन सक्दैन ।

जनता सार्वभौम भएको प्रमाणित गर्ने काम अदालतको

• देवेन्द्र चुडाल
devendrachudal@gmail.com

सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टी अनौपचारिक रूपमा विभाजित भईसकेको अवस्थामा निर्वाचन आयोगले अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली र पुष्पकमल दाहाल दुवै पक्षलाई मान्यता दिन अस्वीकार गरेपछि अब नेकपाको विभाजन के हुन्छ भन्ने प्रश्न उठेको छ । आयोगले नेकपामा अहिले पहिलो नम्वरका अध्यक्ष केपी ओली र दोस्रो नम्वरका अध्यक्षमा पुष्पकमल दाहाल नै रहेको र वरिष्ठ नेताहरूमा झलनाथ खनाल, माधव नेपाल रहेको भन्दै नेकपा बैधानिक रूपले एक रहेको निर्णय गरेपछि नेकपा भित्रको संकट अझ गहिरिँदै गएको छ । नेकपा अहिले औपचारिक रूपमा एक भएपनि व्यवहारिक रूपमा विभाजित भईसकेको छ । एक पक्षले अर्को पक्षलाई कारबाही गर्दै साधारण सदस्य समेत बाट निष्कासन गरिसकेको छ भने दुवै पक्षले अर्को पक्षलाई तल्लो स्तरका शब्दहरु प्रयोग गरि गाली गलौज गरिरहेको अवस्थामा अब यी दुवै पक्ष एकै ठाउँमा बस्न सक्ने अवस्था नै रहँदैन । त्यसै कारणले गर्दा नेकपाकै कारण मुलुकमा राजनीतिक संकट देखिएको छ ।

प्रधानमन्त्री केपी ओलीले पुष ५ गते प्रतिनिधिसभाको विघटनसँगै मध्यावधि निर्वाचनका लागि आउँदो २०७८ साल बैशाख १७ र २७ गते दुई चरणमा गरी प्रतिनिधिसभाको निर्वाचन गराउने मिति नै घोषण गरिसकेका छन् । सरकारले निर्वाचनको मिति घोषणा गरिसकेको हुनाले निर्वाचन आयोगले निर्वाचनसम्बन्धी कार्यलाई तीव्र रूमपा अघि बढाउँदै गएको छ । प्रतिनिधिसभा विघटनलाई असम्वैधानिक कार्य भनि सर्बोच्च अदालतमा रिट निवेदन परेनुसार सर्बोच्च अदालतको सम्वैधानिक इजलासमा त्यस विषयमा बहस पैरवी जारी रहको छ भने ओली, दाहाल दुवै पक्ष निर्वाचन आयोगमा दल विभाजनसम्बन्धी ऐनले व्यवस्था गरेनुसारको प्रक्रियामा प्रवेश नै नगरेको हुनाले निर्वाचन आयोगले नेकपाको विभाजनलाई अस्वीकार गरेको छ । निर्वाचन आयोगले गरेको निर्णयलाई एक पक्षले सर्बोच्चमा अदालतमा रिट निवेदन हालेर नेकपा, झण्डा र चुनाव चिन्ह आफ्नो पक्षले पाउनुपर्ने माग दाबी गरेको खण्डमा अदालतले निर्णय दिन सक्छ । तर दुवै पक्ष दल विभाजनको आरोप आफूमाथि लाग्न सक्ने भन्दै विभाजनको भारी बोक्न तयार देखिएका छैनन् । उनीहरु एकै ठाउँमा बस्न पनि नसक्ने अनि दल विभाजनमा पनि जान नचाहने प्रवृत्तिले गर्दा उनीहरूकै कारण जनताले अनाहकमा सास्ती भोग्नुपर्ने बाध्यता परेको छ । गएको प्रतिनिधिसभाको निर्वाचनमा जनताले नेकपालाई विश्वास गरेर प्रतिनिधिसभाको सदस्यमा झण्डै दुई तिहाई मत दिएका थिए । जनताले दिएको झण्डै दुई तिहाई मत नै नेकपाको लागि घाँडो साबित भउको छ । तत्कालिन अवस्थामा मुलुकका दुई कम्युनिष्ट पार्टी एकीकरण भएका हुनाले मात्र उनीहरूले त्यति धेरै मत पाएका थिए । त्यसमा पनि केपी ओली पहिलो पटक प्रधानमन्त्री बन्दा उनले देखाएको राष्ट्रवादले गर्दा नै नेकपाले त्यति धेरै मत पाएको हो । ओली पहिलो पटक प्रधानमन्त्री बन्दा भारतले नेपालमाथि अघोषित नाकाबन्दी लगाएको थियो । नाकाबन्दीलाई जनताले सजह रूपमा स्वीकार गरि ओली नेतृत्वको सरकारलाई सहयोग र समर्थन गरेका थिए । त्यसबेला सरकारको नेतृतव ओलीले गरेका भएपनि संयुक्त सरकार रहेको थियो । सरकारमा सामेल भएका अलग अलग पार्टीले समेत सरकारलाई सहयोग र समर्थन गरेका थिए । त्यसबेला ओलीले देखाएको राष्ट्रवाद र साहसलाई जनताले विश्वास गरेर निर्वाचन पछि पनि ओली नै प्रधानमन्त्री बन्दछन् भनिएको हुनाले ओलीकै कारण नेकपाले झण्डै दुई तिहाई मत पाएको हो । तर आफ्नै पार्टीभित्रका लोभी पापीहरुका कारण ओलीले पाँच वर्षे कार्यकाल रहेको प्रतिनिधिसभा विघटन गर्न बाध्य भए । संयुक्त सरकार हुँदा जत्तिको पनि सरकारले काम गर्न सकेन झण्डै दुई तिहाईको सरकारले आखिरी किन ?

अहिले प्रधानमन्त्रीमाथि लोकतन्त्र मास्न खोजेको भन्दा स्थायित्व भंग गरेको मूल आरोप रहेको छ । विगतका तीन वर्षमा नेकपा एक हुँदा राजनीतिक स्थायित्वसँगै लोकतन्त्र कत्ति संस्थागत भयो त ? कहिल्यै त्यस विषयमा बहस र छलफलै किन गरिएन ? लोकतन्त्र भनेको के राजनीतिक दलका नेताहरूलाई सत्तामा पुऱ्याउनु र उनीहरूलाई सेवा सुविधा दिनमात्र हो कि जनताको सेवा सुविधा पाउने अधिकारको ग्यारेन्टी गरिनु पनि हो ? जनताले चाहेका विकास निर्माणका कार्यहरु क्रमस पूरा हुँदै जान्छन् त्यसका लागि सबै राजनीतिक दलहरूल एकै स्वरमा स्वर मिलाएर विकास निर्माणका कार्यलाई अघि बढाउनुपर्ने हुन्छ तर राजनीतिक दलका नेताहरु आ आफ्नो स्वार्थ पूर्तिमा मात्र सक्रिय भएका हुनाले जनताले लोकतन्त्रको स्वाद नै चाख्न पाएका छैनन् । तत्कालिन अवस्थामा तत्कालिन नेकपा एमाले र माओवादी केन्द्रको एकीकरण कै कारण अहिले मुलुकमा संकट देखिएको हो । नेकपा एमाले र माओवादी केन्द्रको एकीकरण नै अप्राकृत्तिक र स्वार्थले भरिएको थियो । पहिलो संविधानसभाको निर्वाचनमा तत्कालिन माओवादी संविधानसभाको निर्वाचनमा सबै भन्दा ठुलो पार्टी बन्न सफल भएको भएपनि दोस्रो संविधानसभाको निर्वाचनमा ऊ तेस्रो पार्टीमा खुम्चिन बाध्य भएपछि माओवादीका अध्यक्ष पुष्पकमल दाहालमा छटपटी बढेको थियो । नयाँ संविधान जारी भै लागू भएपछिको पहिलो निर्वाचनमा नेपाली कांग्रेस नै सबै भन्दा ठुलो पार्टी हुने लगभग पक्कापक्की भएपछि कांग्रेसलाई रोक्नका लागि मात्र दुई कम्युनिष्ट पार्टी एक भएका थिए । त्यही कारण नेकपाले ससदमा झण्डै दुई तिहाई मत पाएको सत्य वास्तविकता हो । दुई कम्युनिष्ट पार्टी एकीकरण हुँदा दुई अध्यक्षको व्यवस्था गरिएकोले गर्दा नेकपाभित्र समस्या देखिएको हो ।

तत्कालिन नेकपा एमालेमा धेरै पहिला देखि नै गुट उपगुट रहेका थिए । नेकपाको बुटवलमा सम्पन्न भएको महाधिवेशले केपी ओलीलाई अध्यक्षमा निर्वाचित गरेपछि पार्टीभित्रका गुट उपगुटहरु समाप्त हुनुपर्नेमा गुट उपगुटहरु अझ झाँगिदै गए ओलीसँग पराजित भएका माधव नेपालले ओलीलाई अध्यक्ष कहिल्यै स्वीकार गर्न नसकेका र ओली र नेपालबीचको तित्क्ताको फाइदा उठाउनैका लागि पुष्पकमल दाहालले निकै चलाखीका साथ पार्टी एकीकरण गरेका हुनाले अहिले समस्या देखिएको हो । नेकपा एमालेभित्र खेलेर दाहालले पहिलो नम्वरका अध्यक्ष ओलीलाई पदबाट हटाउने जुन कुटिल षड् यन्त्र गरेका हुनाले नै ओलीले प्रतिनिधिसभा विघटन गरेको प्रष्ट भएको छ ।

प्रतिनिधिसभा विघटन हुने पुस ५ गते सम्ममा नेकपा बैधानिक रूपले विभाजित भएको थिएन, प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव संसदमा दर्ता नभएको र संसदील दलको नेताबाट समेत ओलीलाई नहटाइएको अवस्थामा पुस ५ गते सम्ममा पुष्पकमल दाहाल, माधव नेपाल, झलनाथ खनाल सहितका नेकपाका १ सय ७४ जना सांसदको ओलीलाई नै समर्थन रहेको थियो । सत्ताधारी दलसँग १ सय ७४ सासद एक ढिक्का रहेका र विपक्षीहरूको पक्षमा १ सय १ सांसद मात्र रहेकाले बैकल्पिक सरकार निर्माण हुन सक्ने अवस्था नै नरहेकोले गर्दा बैकल्पिक सरकार निर्माण हुन सक्थ्यो संसदबाट समस्याको समाधान खोजिनु पर्दथ्यो भन्नुको कुनै औचित्य देखिँदैन । प्रतिनिधिसभामा जम्मा २ सय ७५ संसद रहने सम्वैधानिक व्यवस्था रहेको र सत्ताधारी दल अर्थात प्रधानमन्त्री ओलीको पक्षमा १ सय ७४ सांसद रहेपछि सरकार निर्माणका लागि आवश्यक पर्ने १ सय ३८ सांसदको संख्या कहाँबाट आउँथ्यो ?

प्रतिनिधिसभाको विघटन पछि मात्र पुष्पकमल दाहाल, माधव नेपाल पक्षले पार्टी अध्यक्ष ओलीलाई पार्टीको साधारण सदस्यबाट समेत हटाएको छ । त्यसभन्दा अगाडि उनीहरूले किन संसदीय दलको बैठकबाटै बहुमतको निर्णय गरेर ओलीलाई संसदीय दलको नेताबाट हटाउन सकेनन् त ? यसको ठाडो उत्तर हो उनीहरूको पक्षमा बहुमत नरहनु । दाहाल-नेपाल पक्षले कहिल्यै पनि बहुदलीय लोकतन्त्र प्रति इमान्दारिताको चिन्ता प्रकट गरेका छैनन् । उनीहरूले पछिल्लो समयमा सडकमा गर्ने भाषणमा पनि ओली लोकतन्त्रवादी नभएको र कम्युनिष्ट नै नभएको पार्टीको आदेश स्वीकार नगरेको आरोपमात्र लगाईरहेका छन् । जुनबेला सम्म ओली दाहाल कुममा कुम जोडेर बसे त्यसबेला सम्म ओली लोकतन्त्रवादी अनि कम्युनिष्ट हुने तर आफ्नो स्वार्थ पूरा नभएपछि ओली कसरी लोकतन्त्रवादी भएनन् त ? यसको उत्तर जनतालाई दिने कि नदिने ?

प्रधानमन्त्री ओली र पुष्पकमल दाहालबीचको सत्ताको लडाईले मुलुकलाई नै अनिर्णयको बन्दी बनाइनु भनेको सार्वभौमसत्ता सम्पन्न जनताको ठाडो अपमान हो । स्वार्थ मिल्नासाथ एक अर्काको तारिफ गर्ने अनि स्वार्थ नमिलेपछि एकले अर्कोलाई खुइल्याउने कार्यलाई कसरी लोकतान्त्रिक अभ्यास भन्न सकिन्छ ? के लोकतन्त्र भनेको ओली दाहाल र नेपाललाई मात्र आएको हो कि सम्पूर्ण नेपाली जनतालाई ? सत्ताको लडाईको मारमा जनता किन सडकमा आईदिनुपर्ने ? हिजोसम्म ओली दाहाल मिल्दा जनताले के पाएका थिए त ? मुलुक कोरोना भाइरसबाट आक्रान्त भएको छ, जनता स्वास्थ्य उपचार नै नपाउने अवस्थामा रहेका छन् । भ्रष्टाचारले गर्दा जनता पिडित भएका छन् । त्यस विषयमा हिजोसम्म पुष्पकमल दाहाल नेपालले किन एक शब्द सम्म बोलेनन् ? भ्रष्टाचारमा मुछिएपछि आफूलाई जेल हाल्न प्रधानमन्त्री ओली नै लागि परेको भन्दै रोईकराई गर्नुभन्दा आरोप लागि सकेपछि त्यसबाट सफाई लिनु नै उपयुक्त होइन र ? माधव नेपाल प्रधानमन्त्री भएका बेला ललिता निवास जग्गा काण्डमा अनियमितता भएको अख्तियारले प्रमाणित गरि केही व्यक्तिहरूलाई विशेष अदालतमा मुद्दा दायर गरिसकेको छ भने त्यसबेलाका सम्बन्धित मन्त्रालयका मन्त्री, सचिवहरु मुद्दा खेपिरहेका छन् । दिप बस्नेत त जेलमै पुगेका छन् भने मन्त्रिपरिषद्बाट भएको निर्णयको जिम्मेवारी तत्कालिन प्रधानमन्त्री नेपालले लिने कि नलिने ? पछिल्लो समयमा तिनै माधव नेपालले भन्दै आएका छन् सरकारी निकायबाट भएका अनियमितताको जिम्मेवारी प्रधानमन्त्री ओलीले लिनुपर्दछ भन्दै सडकमा कराईरहेका छन् तर उनी आफैं प्रधानमन्त्री भएका बेला भएको निर्णयको जिम्मेवारी लिन तयार छैनन् त्यही कारणले गर्दा उनी आफू सुरक्षित हुनका लागि मात्र दाहाल गुटमा सामेल भएका हुन् । नेपालको भनाईमा विधि विधान, पद्दितलाई रटान लगाउँछन्, ललिता निवास जग्गा काण्डमा विधि, विधान र पद्दति कुन दुलोमा पसेको थियो त ? यी सबै कारणहरूले गर्दा प्रमाणित हुन्छ अहिलेको प्रतिनिधिसभाले समस्याको समाधान गर्न सक्दैन । अर्को व्यक्तिलाई प्रधानमन्त्री बनाएपनि बेथिति जस्ताको तस्तै रहने भएकाले अदालतले ताजा जनादेश लिने सरकारको निर्णयलाई बाटो खोलिदिनुपर्ने उपयुक्त हुनेछ ।

लोकतन्त्रको माला जप्नेहरु किन लोक भनेको जनतासँग जान डराईरहेका छन् ? तीन वर्षका कार्यकालमा जनतालाई दिएका आश्वासनहरु कति पूरा भए ? निर्वाचनका

>>> बाँकी ६ पेजमा

पुस ४ मा फर्कने बाटो

नीर्घराज जैसी

नागरिक समाजको शान्तिपूर्ण आन्दोलनका क्रममा प्रहरीले अन्धाधुन्द लाठी र बुट बर्साउन थाल्यो । मेरो टाउकोमा ताकेर एक प्रहरीले लठ्ठीले हिर्काए । तिघ्रामा पनि उसैगरी प्रहरीको समूहले हिर्काउँदा म थुचुक्क भइसकेको थिएँ । केही समयपछि पानीको फोहोराले हिर्काएको अलिअलि याद छ । यसपछि भने के भयो, को-को साथीहरु घाइते हुनुभयो मलाई याद रहेन ।

रातको दश बजे होस खुल्दा म टिचिङ अस्पतालको बेडमा थिएँ । मेरा वरिपरि केही साथीहरु र डाक्टरको टोली थियो । डाक्टरले टाउकोभित्र फुटेर रगत बगेको र ढाडमा भित्री चोट लागेको बताए । हामीले हाम्रै लागि ल्याएको व्यवस्थाले नै निर्माण गरेको शासकको क्रूर र निन्दनीय कदमको प्रतिफल थियो, ती चोट । र, मजस्तो नागरिकलाई सडक या त अस्पतालको बेडमा पुऱ्याएर अहंकारको हद देखाएको प्रमाण थियो, मेरो घाइते शरीर । तर सोचैं, म दलाली, बिचौलिया केही होइन, जसलाई राज्यले सुरक्षा देओस् ।

म त एउटा आमनागरिक, जो आ□नो आवाज बोल्न सडकमा पुगेको थिएँ । शासक मैमाथि खनियो र आ□नो निरंकुश चरित्र देखायो । प्रहरीले कुटेको जिउ बोकेर अस्पतालको बेडमा रातभर झस्किरहैं । मेरो अवचेतनमा प्रहरीको लाठी र बुट मात्रै रहेछन्, जो बारबार मस्तिष्कभित्र आइरह्यो । तैपनि, बिहान झपक्क निदाएर ब्युँझिएपछि भने दिमाग फनफन घुमिरह्यो । नागरिकलाई आ□नो कुरा राख्ने ठाउँ राज्यले कहाँ दिएको छ ? कुन निकायमा आ□नो कुरा राख्दा उसले न्याय पाउँछ ? जब आ□नो कुरा राख्ने कुनै विकल्प हुँदैन, ऊ सडकमा आइपुग्दोरहेछ । तर, सडकमा आइपुगेको नागरिकलाई शासकले बन्दुक र लाठीमार्फत न्याय माग्दा चुप लगायो ।

मन गह्रौं भयो । केही बेर सोचैं । र, निर्णयमा पुगैं, मैले केही न केही त लेख्नैपर्छ । शासकसँग बन्दुक र लाठीको भाषा छ, मसँग कलमको । मेरो आवाजलाई सडकबाट घाइते बनाएर अस्पतालको बेडमा ल्याइयो, यही बेडबाट मैले कलमको भाषामार्फत प्रतिरोध गर्नुपर्छ । र, निरन्तर बोलिरहनुपर्छ भन्ने लागेपछि लेख्न थालैं ।

एउटा आमनागरिकले बोल्ने ठाउँ कहाँ हो ? कहाँ बोल्दा उसको आवाज सत्ताले सुन्छ ? त्यो ठाउँ सडकै हो । सडकबाट आ□नो मत राख्न खोज्दा निर्घात कुटपिटमा उत्रियो, शासक ! तर, यो प्रतिगमन अहिले मात्रै चाहिँ थिएन ।

जनयुद्धले उत्तरार्द्धतिर पहिचानको मुद्दा उठायो । मेरो पनि त्यसप्रति झुकाव रह्यो । पहिलो संविधानसभाले संविधान बनाउँछ भनेर आन्दोलनमा होमियौं । तर, त्यो संविधानसभा तुहियो । त्यहींबाट नेपालको राजनीति उल्टो यात्रामा निस्कियो । दोस्रो संविधानसभाको चुनावले इंगित गरेको कुरा थियो, संविधान त बन्छ तर जनताले भनेजस्तो बन्दैन । जुन उभारका साथ पहिलो संविधानसभामा सबैको प्रतिनिधित्व भएको थियो, दोस्रोमा भएन । पहिचानको मुद्दालगायतका विषयहरुको निर्मम हत्या गरेर दोस्रो संविधानसभाको चुनाव भयो । पहिलो संविधानसभाले जनतालाई अधिकारसम्पन्न गर्थ्यो, दोस्रोमा त्यो ल्याकत थिएन । किनभने, त्योवेला नेताहरु प्रतिक्रान्तितिर अग्रसर हुँदै संसद्वादी पार्टीको लाइनमा हिँडिसकेका थिए ।

सबै भाषा, जाति, क्षेत्र अधिकारसम्पन्न हुने सपना थियो । पहिला ११ प्रदेशको कुरा आउँदा पहिचानसहितको संघीयताको पक्षमा लक्ष्मी वादीहरु लडे । हामी पनि लड्यौं । मधेसमा, जनजातिमा, महिलामा, लौंगिक अल्पसंख्यकभित्र समस्या होला । तर, उनीहरुले लडेको अधिकारको लडाइँ, खोजेको व्यवस्था र ल्याएको परिवर्तन अकाट्य हो । तर, त्यो योगदान र समतामूलक समाजप्रति कुठाराघात भयो । पहिलो संविधानसभा विघटन भएपछि संविधान नै बन्न नदिने बाटोमा अग्रसर भए, राजनीतिक पार्टीहरु । अझ ०४६ सालको संविधान जारी गर्ने दुस्प्रयास भयो । तर, समस्या नै भए पनि समानुपातिक समावेशितासहितको संविधान त आयो । तर, धेरै कुरा छुटायो, त्यो संविधानले ।

माओवादी आन्दोलनको उभार जातीय मोर्चाहरु बनेपछि आएको थियो । जनयुद्धले गति लिएको थियो । जो-जो उत्पीडनमा परेका थिए, तिनीहरु लडे । तर, नेतृत्वले त्यो कुरा कायम राख्न सकेन । एक्काइसौं राष्ट्रिय सम्मेलनमा आहुतिले सम्मेलनको कार्यविधि बन्दै गर्दा सबैलाई झपारेका थिए । महिला, दलित, जनजाति, मधेसी छैन । तर, कार्यविधि भने सबैलाई समेट्ने भनेर बनिरहेको छ । झनै लैंगिक अल्पसंख्यकको विषय यिनीहरुले सोच्नै सक्दैनन् । अस्ति प्रहरीले उनीहरुलाई त्यसरी कुटपिट गर्दा एउटा विज्ञप्तिसम्म आएन । त्यो विज्ञप्ति बुझ्दैनन्, त्यो संवेदनशीलता बुझ्दैनन् । अहिलेको प्रतिगमनको बिउ त्यही माओवादी प्रतिक्रान्तिकै वेला रोपिएको थियो । त्यो नेतृत्वले दिएको धोका थियो । माओवादीले मुद्दा बिर्सिएपछि प्रतिगमनको सूत्रपात भएको थियो ।

०७२ मा आएको संविधान यसरी अपूरो हुँदै गयो । पछि मधेसले ऐतिहासिक प्रतिरोध गऱ्यो । तर, हामीले साथ दिन सकेनौं । तैपनि, मधेसले एक्लै आ□नो राजनीतिक मत राख्यो । अरुले राजनीतिक मत राखे या राखेनन्, खोज्दै जाऔंला । त्यसका लागि जीवनभर लडौंला । तर, मधेसले त्यसरी प्रतिरोध गर्नुमा पक्कै संविधान अधुरो थियो । त्यसको कारण भने माओवादी आन्दोलनको नेतृत्वमा आएको विचलन अथवा बाहुनवादी सोच हो । आन्दोलन उठाउन उनीहरुका मुद्दा बोकियो । किनभने, उनीहरुविना आन्दोलन सम्भव थिएन । आन्दोलन उठ्यो । त्यसपछि भने उनीहरुलाई नियतवश छाडिदिए । कार्यकर्ता भुलिदिए । त्यसपछि हो, संविधानको अपूरो शृंखला सुरू भएको ।

त्यही अपूरो संविधानको पनि घाँटी ओलीले अँठ्याइदिए । यसकारण यहाँ लडाइँ ओलीको स्वेच्छाचारितविरूद्ध मात्र होइन, प्रतिगमनको बिउ रोप्नेहरुविरूद्ध पनि हो । निर्मलाको हत्या भयो, अदालत, प्रहरी प्रशासन काम लागेन । कति मान्छेले भने, यो देशको नागरिक समाजै काम लागेन । किन हामीले त्यत्रो बर्बर दमन हुँदा आँखा चिम्म गऱ्यौं ? लड्न सकेनौं ? दलित उत्पीडनका कुरा छन्, थारुका विषय छन् । तर, राजनीतिक रुपमा धेरै निर्णय भए, विधेयकको बाढी आयो, त्यो जनताको चाहनाअनुरुप नभए पनि राष्ट्रियतालाई बलियो बनायो । सामाजिक न्यायको कुरा रहे न देश देशजस्तो लाग्ने रहेछ । राज्य राज्यजस्तो लाग्ने रहेछ । हामीले उखुकिसानको आन्दोलन देख्यौं । त्यो आन्दोलनको यो देशको व्यवस्थासँग थिएन, पसिनाको मूल्यसँग थियो । तर, यो व्यवस्था र दलाल मिलेको रहेछ । त्यो उनीहरुले प्रमाणित गरिदिए । यो व्यवस्था दलालको अभिन्न अंग हो भनेर प्रमाणित भइदियो ।

यहाँ उखुकिसानहरुले मूल्य पाउँदैनन् । निर्मलाहरुले न्याय पाउँदैनन् । दलितहरु कुटिन्छन् । पार्टीभित्रै एकजना दलितलाई मन्त्री बनाउन यिनीहरुले हानाहान र कुटपिटको षड्यन्त्र रच्छन् । दलितभित्रै कोपभाजन गर्ने काम हुन्छन् । त्यसैले प्रतिगमनको पहिलो सुरूवात यो होइन । तर, प्रतिगमनको शृंखलामा वैधानिक र निर्णायक पहलचाहिँ पक्कै हो । यस निर्णायक प्रतिगमनमा केपी ओलीको स्वेच्छाचारी कदम मुख्य भइदियो । पार्टीभित्रको अन्तरविरोध पनि जनताकै कुरा होला, जनजीविका, राष्ट्रियता, जनतन्त्रका कुरा होलान् । तर, त्यो अन्तरविरोध यी विषयवरिपरि थिएनन् । जतिसुकै विमति रहे पनि ओलीको स्वेच्छाचारिताभन्दा त्यो प्रतिनिधिसभा नै ठीक थियो, दृष्टिविहीन भए पनि, लाटो भए पनि । तर, ओलीको स्वेच्छाचारिता त राजनीतिक कु बन्यो ।

यसकारण ओलीको स्वेच्छाचारिताविरूद्ध सडकमा उभिनुपर्ने भइदियो । कोही पनि नागरिकले ओलीको कदमलाई सही भनेका छैनन्, उसको हनुमानबाहेक । यसरी संसद् विघटन गर्ने अधिकार ओलीलाई थिएन । तर, यो राजनीतिक कुको प्रतिरोध हामीले प्रचण्ड र माधव नेपाल देखाएर पनि गर्न सक्दैनौं । उनीहरुको अनुहार देखाएर आन्दोलन उठ्दैन । किनभने, उनीहरु पुस ४ अघिसम्म प्रतिगमनकै मतियार थिए । त्यसकारण सचेत र विशुद्ध नागरिक आन्दोलन अहिलेको आवश्यकता हो ।

यो दुर्घटना ओलीले निम्त्याउनुअघि धेरै लक्षण देखा परेका थिए । राजनीतिक पार्टीका नेता र कार्यकर्ताहरुको लक्षण देखा परेपछि मात्र रोग लागेको थाहा पाउने आदतले यो दुर्घटना भयो । ओलीले कोभिडमै निर्ममता देखाइसकेका थिए । जनता संकटमा छन्, ऊ मास्कमा १० रूपैयाँ खाइरहेको छ । ओम्नीको कुरा होस् या स्वास्थ्य सामग्री खरिदको, यस्तो विषयमा पार्टी बोलेन । प्रचण्ड, नेपालहरु बोलेनन् । भनेपछि कहीं न कहीं ओलीको स्वेच्छाचारिताको पछि प्रचण्ड-नेपाललगायत पार्टीको हात छ । उनीहरुको सहयोग छ । यसलाई समाधान गर्ने भनेको एउटा विशुद्ध नागरिकले बोलेर हो । प्रतिगमनका मतियारहरु अघि सारेर होइन ।

अहिलेको परिस्थितिको नायक त ओली भइगए । त्यसको पछि डबल नेकपा सिंगै पार्टीको हात छ । ओलीले प्रतिगमनको संकेत आज गरेका थिएनन् । असार १६-१७ गतेतिर भनेकै थिए, 'पार्टीमा अन्तरविरोध आइराख्या छ । मलाई केन्द्रीय समितिमा अल्पमतमा पारियो भने कुर्सी कसैले बस्न नमिल्ने गरी भाँचिदिन्छु ।' यो भाषा त राजनीतिज्ञहरुले बुझ्छन् होलान् नि ? तर, यिनले रोकेनन् । अहिले नागरिकको तर्फबाट के चुनौती आइपऱ्यो भने ती पार्टीसँग बचेखुचेको जति विश्वास छ, त्यसलाई लिएर नागरिक आन्दोलन उठाउनुपर्ने स्थिति भयो । यो प्रतिगमनसँगै हाम्रो पुस्तालाई अवसर र चुनौती सँगसँगै आएको छ । एउटा युगको अन्त्य गरेर वैचारिक र सामाजिक शक्तिसहितको व्यवस्था निर्माण गर्ने कुरा जो छ । यो विषयलाई केन्द्रित गरेर अगाडि बढ्न सक्छौं कि सक्दैनौं ? ओली त तानाशाह हो।

भोलि सेना निकाल्ला । पर्सी कलम थुत्ला । सबै समाचार र सूचना राससबाट आउला । त्यसपछि पुस ४ मा जान हाम्रो पुस्ताले आफूलाई रक्तरञ्जित बनाउनुपर्ने चुनौती देख्छु । या त ओलीले नयाँ खालको प्रतिगमनको सपना देखेका छन् भने हाम्रो पुस्तालाई ठूलो चुनौती आइपर्नेछ । सडकमा मर्नुपर्नेछ । हाम्रो पुस्ताले फेरि पुस ४ मा जानुपर्नेछ । अर्को कुरा, हामीले संविधानमा आफूलाई देखेका/भेटेका थिएनौं । अब नेपाली जनताको बीचमा त्यो संविधान च्यात्दा पनि हुने भयो । हिजो च्यातेको भए उनीहरुले च्याते भन्थे । आज ओलीले च्यातिरहेका छन्, हामी पनि च्यातौं र नयाँ लेखौं भन्न सक्छन् । यो अवसर पनि हो ।

> प्रतिगमनको पहिलो सुरुवात यो हो इन। तर, प्रतिगमनको शृंखलामा वै धानिक र निर्णायक पहलचाहिँ पक्कै हो। यस निर्णायक प्रतिगमनमा केपी ओ लीको स्वेच्छाचारी कदम मुख्य भइदियो। पार्टीभित्रको अन्तरविरोध पनि जनताकै कुरा होला, जनजीविका, राष्ट्रियता, जनतन्त्रका कुरा होलान्। तर, त्यो अन्तरविरोध यी विषयवरिपरि थिएनन्।

हाम्रो पुस्तालाई आएको यो सुन्दर अवसरमा हामीले लडेर काम गर्नुपर्छ । नागरिक समाजको यो आन्दोलनको मक्सत पनि त्यही हो, तिम्रो संविधानमा कहीं न कहीं प्वाल छ । त्यो संविधानले हिजोको पुस ४ अघिको ओली जन्माउन पनि सक्छ र अहिलेको ओली जन्माउन पनि सक्छ । ओली जन्माउन सक्ने यो संविधान मधेसी, जनजाति, दलित, महिला, लैंगिक अल्पसंख्यकहरुले बनाएको होइन । यिनीहरुले आफूलाई कुनै गर्न मिल्ने गरी बनाएका हुन् । आ□नो नश्लीय राजनीतिक वर्चस्व जोगाइराख्ने नियतले संविधानमा ठुल्ठूला प्वाल राखे ।

हाम्रो हैसियत त्यो प्वाल टाल्ने ठाउँमा पुगेन । तर, आज संविधान जनताको बीचमा आएको छ । अब संविधान च्यात्ने कुरा समान्य भइगयो । जो संविधानको रक्षक थियो, उसैले च्यातेपछि हामीले किन नच्यात्ने ? यिनले च्यात्न सुरू गरेपछि च्यातेर हामी सबैले स्विकार्न सक्ने संविधान र व्यवस्था निर्माण गर्ने अवसर आइलागेको छ । यसकै लागि हामी निरन्तर दमन सहेर आन्दोलनमा छौं । अब हामीलाई कुनै खिलराज रेग्मी चाहिएको छैन । कुनै अर्को मान्छे ल्याएर हुँदैन । संसद् पुनर्स्थापना हुनुपर्छ ।

व्यवस्था सुझ्नु भनेको जनताको अवस्था सुझ्नु हो । रूकुममा दलित काटिएका छन् । यो व्यवस्थाभित्रै हामीले सुधार्नुपर्ने भयो । कानुन छ, अदालत र प्रहरी प्रशासन छ, तर उनीहरु पीडितका लागि निर्णायक भइदिँदैनन् । त्यसैले व्यवस्था पुनर्संरचनाका लागि आवाज उठाउनुपर्ने देखियो । पुस्तौं लडेर प्राप्त यही व्यवस्थाभित्र हामीले शक्तिसम्पन्न नागरिकबारे सोच्नुपर्ने अवस्था आएको छ । दोस्रो जनआन्दोलनले ल्याएको परिवर्तनलाई साक्षी राखेर अपूरो संविधान ल्याइयो । त्यसले शिक्षाको हक,

>>> बाँकी ६ पेजमा

कृषक समृद्ध भएपछि राष्ट्र समृद्ध हुने हो

● राकेश मिश्र

पीडित उखु किसान नारायण राय यादव (भगतजी)को निधनबाट हामी अत्यन्तै दुःखद कुरा हो । यसले हाम्रो किसान आन्दोलनमा अपूरणीय क्षति भएको छ । हामी सबै किसान साथीहरु मर्माहत पनि भएका छौं । उहाँ पहिलो किसान शहीद हुनुभयो । हाम्रो लागि उहाँ सधैंभरि पुजनीय रहनुहुनेछ । उहाँ यो संसारबाट जाँदा प्रेरणा दिएर जानुभएको छ । उहाँले कसरी दुःख गरेर उखु खेती गर्नुभयो, मिलमा बुझाउनुभयो । उहाँको चार वर्षदेखिको भुक्तानी बाँकी छ । यसबारे कसैले पनि सोचिदिएन र बोलिदिएन ।

किसानलाई उद्योग र सरकारले असंगठित र सोझासाझा सम्झन्छन् । मैले किसानहरूलाई भन्दै आएका थिए कि तपाईंहरुमा धेरै ताकत छ । धोती र चप्पल लगाउँदैमा तपाईंहरु कमजोर हुनुहुन्छ भनेर नठान्नुस् । तपाईंहरु संगठित हुनुस्, संरक्षणको जिम्मेवारी हाम्रो हो । यो हकको लडाइ हो, न्याय प्राप्तिको लडाइ हो, न्यायिक संघर्ष हो । मूल विषय हामी विगत दुई वर्षदेखि लगातार आन्दोलन गर्दै आइरहेका छौं । सर्लाहीमा पनि आन्दोलन गर्दा त्रिपक्षीय सहमति भयो, ६ महिनाको भाका राखेर पनि उखु किसानको भुक्तानी भएन । त्यसपछि हामी गत वर्षको पुसमा १८ दिनसम्म काठमाडौंमा आन्दोलन गऱ्यौं, त्यसपछि पनि सरकारले पाँचबुँदे सहमति गऱ्यो । त्यो सहमतिमा उखु किसानसम्बन्धी सम्पूर्ण समस्यालाई दुई भागमा बाँडियो ।

अहिलेसम्म हामीले जेजति निर्णय गरेका छौं, किसान साथीहरुकै सहमतिमा गऱ्यौं । हामी आन्दोलनरत् रहँदा दुई-दुई पटक सरकारको तर्फबाट वार्ताका लागि प्रस्ताव आयो तर हामी गएनौं । हामीले सरकारलाई भन्यौं कि हामी निर्णायक आन्दोलनमा आएका छौं, पैसा लिएरै फर्कन्छौं । मन्त्रीज्यूहरु पनि स्वयम् आन्दोलनरत् स्थानमा आउनुभयो, विपक्षी दलका वरिष्ठ नेता रामचन्द्र पौडेलजी आउनुभयो, सबै जना सडकमै बस्नु भयो । उहाँहरुले भन्नुभयो कि आन्दोलन रोक्नुस्, सबै माग सम्बोधन गर्न तयार छौं । जब मन्त्रालयले किसानको माग पूरा गर्ने जिम्मा लियो, उद्योगीहरुमाथि कानूनी कारबाही गरेर भएपनि सबै पैसा दिलाउँछौं भनेपछि मात्र हामी वार्तामा गयौं । हामी वार्तामा बसेपछि फेरि किसानका सबै समस्याहरूलाई दुई भागमा बाँडियो, तत्कालीन र दीर्घकालीन रूपमा । तत्कालीन रूपमा भुक्तानी कति गर्ने त ? हामीले ९० करोडभन्दा बढी भन्यौं, अनि सरकारले ६५ करोडको मात्रै सूचना छ भन्यो । हामीले भन्यौं कि ठिक छ, ६५ करोड तत्काल भुक्तानी होस् र बाँकी रकमको छानबिनका लागि सहमति भयो । छानबिन समितिले चार महिनाभित्र रिपोर्ट दिने सहमति भएको छ । सरकारले ३३ करोड तुरून्तै भुक्तानी हुन्छ र ३२ करोडका २१ दिनको समय मागेको छ । शर्तसहित हामीले २१ दिनको समय दिन तयार भयौं । २१ दिन कटिसकेपछि यदि भुक्तानी भएन भने उद्योगीलाई कानूनी कारबाही सरकारले के गर्छ भन्ने कुराको सहमति गराएका छौं । अहिलेसम्म उद्योगीहरुमाथि भएको कानूनी कारबाहीमा उद्योगीको ट्राभल डकुमेन्ट, घरजग्गा, बैंक खाता रोक्का र पत्राउ पुर्जी जुन जारी भएको छ त्यसको निरन्तरता राखेर हामीले थप कानूनी कारबाहीको कुरा गऱ्यौं । ३३ करोड तत्कालै दिने भएपछि हामीले सहमति गऱ्यौं ।

कतिपय साथीहरुले हामीमाथि विभिन्न किसिमका आरोपहरु लगाउँछन् । उखु किसानको समस्या आजदेखिको होइन, वि.सं. २०७१ सालदेखिको नै हो । उहाँहरुले यति दिनसम्म के हेरेर बस्नुभएको थियो ? त्यतिबेला उहाँहरुले किसानको पक्षमा किन बोल्नुभएन ? किसानको समस्या त सबैको समस्या हो, यसका सबैले आआफ्नो तर्फबाट पहल गरिदिनुपर्ने हो । आफूले नगर्ने तर कसैले गऱ्यो भने त्यसमाथि अनेक प्रकार टिकाटिप्पणीहरु गर्नु न त किसानको हितमा छ न त देशको हितमा छ । हामी जो जहाँ छौं, सबैले किसानकै मिहेनतबाट उब्जेको खाद्यान्न उपभोग गरिरहेका छौं । टिकाटिप्पणी गर्न सजिलो छ, तर काम गरेर देखाउन कठिन छ । जो व्यक्ति निष्कृय हुन्छ त्यो व्यक्ति प्रायः आलोचक हुन्छन् ।

हामी उखु किसानको मुद्दा उठाउँदा खेत-खलियानमा गएर एक-एक किसानसँग प्रत्यक्ष भेटेका छौं, पीडा र दुःख बुझेका छौं । धेरै मिडियाका साथीहरु पनि ग्राउण्डमै गएर रिपोर्टिङ्ग गर्नुभएको छ । त्यसकारणले अनावश्यक टिकाटिप्पणीको पछाडि नलागौं । जब देशको काल-परिस्थिति जब सामान्य रहेन, संसद विघटन भयो, सरकार काम चलाउ भयो र हामी पनि सडकमै बसिरह्यौं । हामीले सरकारसँग सहमति गरिसके पनि खुशी भएका छैनौं, मनमा पीडा अवश्य छ । हामी त्यतिबेला खुशी हुन्छौं जब सम्पूर्ण भुक्तानी हुन्छ । हाम्रा चाहना सम्पूर्ण भुक्तानीको थियो । गाउँबाट हामीले शपथ नै खाएर आएका थियौं कि सम्पूर्ण भुक्तानी नभएसम्म खाली हात फर्किदैनौं । तर देशको काल-परिस्थितिले सरकारसँग सहमति गऱ्यौं, लगभग ५० प्रतिशत भुक्तानी अहिले नै भयो र बाँकी भुक्तानीका लागि हामीले सरकारलाई २१ दिनको समय दिएका छौं । हामीले त्यतिकै २१ दिनको समय दिएका होइनौं, कानून आधारसहितको अल्टिमेम दिएका छौं । किनको आँशु पोछ्ने ठाउँमा अनेक प्रकारका प्रश्न उठाउनु न्यायोचित होइन । हामीले सरकारसँग सहमति गरेपछि प्रश्न उठाउनेहरु कहिले पनि किसानको बैठकमै आएका छैनन् । हामीलाई वार्ताका लागि प्रस्ताव आउँदा सडकमै बसेर किसानहरुको बीचमा यसबारे छलफल गरेर कुनै निर्णय गर्छौं, कुनै बन्द कोठमा छलफल वा निर्णय गर्दैनौं । सरकारसँग वार्ता गर्ने बेलामा पनि मन्त्रालयले ३ जना मात्र आउनुस् भनेको थियो तर हामी १३ जना किसान साथीहरु वार्तामा गयौं । हामीले सरकारसँग एक-एक विषयमा खुलस्त रूपमा वार्तामा गरेका छौं । किनभने हामी समस्या लिएर आएका छौं भने समाधानका उपायसमेत दिएका छौं । हामीले अन्य कुरामा ध्यान नदिएर किसान के चाहन्छ त्यसमा हामी बढी केन्द्रित छौं । हाम्रो चाहना थियो कि सबै किसानको भुक्तानी लिएपछि मात्रै फर्कने । हाम्रो त्यो चाहनामा देशको राजनीतिक घटनाक्रमले अलि आघात पुगेको छ, हाम्रो चाहना पूरा भएको छैन । सरकारले हामीसँग २१ दिनको समय मागेको छ, हामी ढुक्क भइसकेका छैनौं । खबरदारीका लागि हामी पाँच जना किसान अहिले पनि काठमाडौंमै बसिरहेका छौं । दिनहुँ हामी मन्त्रालयको सम्पर्कमा छौं, सरकारलाई घच्चाइरहेका छौं । समष्टिगतरूपमा हामी अहिले पनि आन्दोलनमै छौं । देशको काल-परिस्थितिका कारण सहमति गनुपऱ्यो । हामीले गरेका सहमतिका बुँदालाई अध्ययन गर्नुपऱ्यो । हामीले किसानका हकहितका सम्पूर्ण समस्याको समाधान हुने गरी समावेश गरेका छौं ।

मृतक किसान नारायण राय यादव (भगतजी)लाई किसान शहीद भनेर घोषणा गरेका छौं । उहाँले राज्यको तर्फबाट किसान शहीदको मान्यता पाउनुपर्छ । यो एउटा राज्यका लागि प्रेरणाको स्रोत हुन्छ । उहाँको क्षतिपूर्ति र सम्पूर्ण जिम्मेवारी राज्य र उद्योगीले लिनुपर्छ । किनभने हामीले स्मरणपत्रमा पहिला भनिसकेका थियौं । त्यसकारणले शहीद किसानको सम्पूर्ण क्षतिपूर्तिको व्यवस्थापन होस् । उद्योग र गृह मन्त्रालयका प्रतिनिधिले पनि प्रतिबद्धता गर्नुभएको छ कि क्षतिपूर्ण हुन्छ । गृह मन्त्रालयले क्षतिपूर्तिका लागि प्रक्रिया सुरू गरिसकेको छ । तर हाम्रो र उखु किसानका लागि धेरै पीडादायी क्षण हो । हामी सम्पूर्ण किसान साथीहरु शोकमा डुबेका छौं ।

पत्रिव भावनाका साथ यो आन्दोलन अगाडि बढेको छ । यसलाई गलत दृष्टिकोणले नहेर्नुस्, कसैको लोकप्रियतासँग नदाज्नुस् । जसले आन्दोलनको अगुवाई गर्छ, उसको चर्चा अवश्य नै हुन्छ, यसबाट डाह नगर्नुस् । यो सबैको सरोकारको विषय हो । किनभने जबसम्म कृषक समृद्ध हुँदैन तबसम्म मधेश र नेपाल पनि समृद्ध हुँदैन । कृषक समृद्ध भएपछि राष्ट्र समृद्ध हुने हो । समृद्धिको लक्ष्य प्राप्तिका लागि हामीसँग कृषि नै मूल आधार हो । यसप्रकारको पवित्र भावनालाई बुझिदिन सबैसँग म आग्रह पनि गर्न चाहन्छु । खासगरी किसानको आन्दोलनमा सहयोग र सद्भाव राख्ने काठमाडौंका समृद्ध समाज र सञ्चार जगत्लाई समेत विशेष धन्यवाद र आभार पनि व्यक्त गर्न चाहन्छु ।
(मधेश दर्पण फिचर सेवा)

पुस ४...

स्वास्थ्यको हक, बोल्न पाउने हकको
व्यवस्था त गऱ्यो, तर गम खाएर
बुझ्दा शासकले जे चाह्यो त्यही हक
मात्र दिइरहेको छ । शासकले नबोल्नु
भनेमा बोल्न नहुने बनाइदियो ।
एमसिसीजस्तो विषयमा देशव्यापी
रूपमा जनतामा गएर बहस गर्नुपर्ने
ठाउँमा लुकीलुकी संसद्बाट पास गर्न
खोजियो । हाम्रो सपनाको लोकतन्त्र
र हामीले ल्याएको लोकतन्त्रमा फरक
छ । किन राष्ट्रिपतिको सवारीका कुरा
आए ? त्यो महाराजजस्तो सवारी
कहीँ न कहीँ नायकजस्तो देखियो ।
यो हामीले चाहेको व्यवस्था र अभ्यास
होइन । यसकारण समाजको एउटा
नेतृत्व उठेर यो व्यवस्थालाई अपडेट
गरिरहनुपर्ने देखिएको छ । शिक्षाको
हकको कुरा संविधानतः थियो ।
तर, यहाँ एक नेताले चारजना
बच्चाको जिम्मा लिइदिनुपर्ने ! तर,
राज्यले चाहिँ होइन । पहिला राजाले
गाउँमा गएर एकजना मान्छे बोकेर
यहाँ ल्याएर बुढानीलकण्ठ स्कुलमा
हालेजस्तो प्रवृत्ति अहिले पनि छ ।
यसैले लोकतन्त्रलाई अपडेट गरिरहने
अपडेटर हाम्रो पुस्ताले खोज्नुपर्ने
जरूरी देखिएको छ । यसैले नागरिक
आन्दोलन अहिलेको आवश्यकता हो ।
प्रहरीको पानीको फोहोरा, लाठी र
बुटले मात्र हामीलाई छेक्न सक्दैन ।
हामी पुस ४ मा फर्किनैपर्छ ।
(नयाँ पत्रिका)

जनता सार्वभौम...

बेला झुठका पुलिन्दा बाँडेर जनताको मत लिन सफल भएका सांसदहरु निर्वाचन पश्चात् कति पटक जनताका समस्या बुझ्न गाउँ पुगे ? जनताको पक्षमा काम गरेका व्यक्तिहरूलाई पुन जनताले विजयको माला पहिऱ्याईदिन सक्छन् त्यसैले गर्दा जनताकहाँ जान डराउनुपर्ने आवश्यकता छैन । संविधान भनेको जनताका लागि हो । संविधानका लागि जनता होइनन् । जनताले चाहेको खण्डमा अझ धेरै संविधान बन्न सक्छन् तर संविधानले जनता बनाउन सक्दैन । संविधान भनेको ढुँगाको अक्षर होइन जो मेट्न नसकियोस्, आवश्यकता अनुसार संविधान संशोधन हुन सक्नुपर्दछ । अहिलेको संविधानमा पनि धेरै त्रुटीहरु रहेका छन् । अलग अलग अर्थ लाग्ने गरी शब्दहरु राखिएका छन् । त्यही कारणपनि अहिले संकट देखिएको हो ।

पछिल्लो समयमा मुलुक दुई धारमा बाँडिएको छ । एक धार प्रतिनिधिसभाको पुर्नस्थापना हुनुपर्दछ भन्नेमा छ भने अर्को धार ताजा जनादेशकै पक्षमा रहेको छ । ताजा जनादेशले मात्र मुलुकको समस्याको समाधान गर्नसक्छ । प्रतिनिधिसभा पुर्नस्थापना भएको खण्डमा त्यसले राजनीतिक विकृत्ति ल्याउने निश्चित जस्तै रहेको छ जसरी २०५१ सालमा राजनीतिक विकृत्ति ल्याइएको थियो । त्यसबेला सांसदहरूको खरिद विक्रि भएको थियो भने सांसदहरूलाई विदेशसम्म भगाइएको थियो । सांसदहरूलाई भेडा बाख्रा जस्तो गरेर अपहरण शैलीमा होटलमा राखिएको थियो । त्यहाँ सुरा सुन्दरीको व्यवस्था समेत गरिएको थियो । अब त्यस्तो विकृत्तिको अन्त्य हुनैपर्दछ । सांसदहरूको खरिद विक्रि रोक्नका लागि पनि प्रतिनिधिसभा पुर्नस्थापना हुनुहुँदैन ।

विश्वका धेरै सरकारहरूले आफ्नो लोकप्रियता जाँच्नका लागि ताजा जनादेश लिने गरेका छन् । ताजा जनादेश लिने प्रधानमन्त्री ओलीको निर्णय गलत रहेछ भन्ने उनलाई जनताले नै मत पत्र बाटै दण्ड सजाए दिन सक्ने सुवर्ण अवसर प्रतिनिधिसभाको विघटनले दिएको छ । अदालतको निर्णय भन्दा जनताको निर्णय ठुलो हो । अदालतले निर्णय दिँदा एक पक्षको पराजित निश्चित हुन्छ त्यस विषयमा उजुर बाजुर गर्न पाइन्छ तर जनताले दिने निर्णयको कहिँ कतै उजुर बाजुर नलाग्ने भएकाले जनताको निर्णयलाई नै ठुलो भन्ने गरिएको हो । संविधानले नै जनतालाई सार्वभौमसत्ता सम्पन्न भनि स्वीकार गरिसकेको अवस्थामा राजनीतिक दलहरु तिनै सार्वभौमसत्ता सम्पन्न जनताकहाँ जान डराउनुपर्ने आवश्कता हुँदैन । जनताले नै राजनीतिक दलहरूको हैसियत कायम गरिदिने हुँदा ताजा जनादेश बाहेक अहिले अर्को विकल्प देखिँदैन । दुईवर्ष पछि निर्वाचन हुनै पर्ने थियो । अहिले नै निर्वाचन हुने भयो, जनताले मत हाल्न पाउने भए त्यसैले जनताको निर्णयलाई उपयुक्त मानेर अदालतले निर्वाचनको बाटो खोलिदिनु नै सबै समस्याको समाधान हुनु हो । गलत निर्णय गरेर पछि पछुताउनु भन्दा अहिले नै सही निर्णय गरेको खण्डमा मात्र जनता सॉच्चिकै सार्वभौम सत्ता सम्पन्न रहेको प्रमाणित गराउने काम अब अदालतको हो ।

खेलकुद

प्रधानमन्त्री कपको विजेताले १० लाख पाउने

काठमाडौं जारी प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिताको विजेताले १० लाख रूपाँया पाउने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)को मंगलबार बसेको बोर्ड बैठकले प्रधानमन्त्री कपको विजेता टिमलालई १० लाख रूपैयाँ दिने निर्णय गरेको हो । उपविजेता टिमले ५ लाख रूपैयाँ प्राप्त गर्ने छ । यस्तै, सेमिफानल पुगेका ४ टिमलाई ५० हजार रूपैयाँ दिने निर्णय पनि क्यान बोर्ड बैठकले गरेको छ ।

प्लेयरअफ दी सिरिजले ५० हजार, वेस्ट बलर र बेस्ट ब्याट्सम्यानले २५ हजार रूपैयाँ प्राप्त गर्ने छन् । प्रधानमन्त्री कपको सेमिफाइनलमा तीन विभागीय टिम नेपाल पुलिस क्बल, त्रिभुवन आर्मी क्लब र एपिएफपसहित बागमती प्रदेश पुगेका छन्।

यसैगरी कतारमा आयोजना हुने बाइल्याट्रल टि-२० प्रतियोगितामा नेपाल सहभागी हुने निर्णय पनि मंगलबार बसेको बोर्ड बैठकले गरेको छ । प्रतियोगिता कतार स्पोर्टस डेका अवसरमा फेब्रअरी ९-१२ सम्म कतारमा आयोजना हुँदै छ । प्रतियोगिताका फेब्रूअरी १ देखि नेपाली राष्ट्रिय टिमको बन्द प्रशिक्षण सुरू गरिने भएको छ ।

सन्दीपको टिम बिग बासको प्लेअफमा पुग्न असफल

नेपाली युवा लेगस्पिनर सन्दीप लामिछाने आबद्ध टिम होबर्ट हुरिकेन्स बिग बास लिगको प्लेअफ मा पुग्न असफल भएको छ । लिग चरणको अन्तिम खेलमा मेलबर्न रेनिगेट्ससँग ११ रनले पराजित भएपछि हुरिकेन्स प्लेअफमा पुग्न असफल भएको हो ।

लिगका १४ खेलमा समान ७ जित र हारको सामना गरेको हुरिकेन्स २८ अंका साथ छैटौं स्थानमा रहयो । उ एडिलेड स्टाइकर्ससँग रनरेटमा पछि पर्दै प्लेअफ पुग्न असपल भयो । स्टाइकर्सको पनि २८ अंक नै थियो, तर उ रनरेट राम्रो थियो । स्टाइकर्ससँगै सिड्नी सिक्सर्स, पर्थ स्कोचर्स, सिड्नी थन्डर र ब्रिसन हेट पनि प्लेअफमा पुगेका छन् । शीर्ष दुईमा रहेका सिक्सर्स र स्कोचर्सले क्वालिफायर खेल्ने छन् भने चौथो र पाँचौं हुने स्टाइकर्स र हेटले एलिमिनेटर खेल्ने छ । यस्तै तेस्रो हुने थन्डरले नकआउट खेल्ने खेल्ने छ।

क्वालिफायर विजेता सिधै फाइलन पुग्ने छन् भने पराजित टिमले च्याजेन्सर्ज फाइनल प्रवेशका लागि पुनः खेल्ने छ । च्यालेन्जर्समा क्वालिफायरमा पराजित टिम र एलिमनेटरको विजेता तथा तेस्रो हुने टिमबीचको विजेता भिड्ने छन् ।

राष्ट्रिय भेट्रान्स कप फुटबलको उपाधि पोखरालाई

छैटौं संस्करणको 'एट ए साइड' राष्ट्रिय भेट्रान्स कप फुटबल प्रतियोगिता-२०७७ को उपाधि बगरभाइ खलक पोखराले जितेको छ । अघिल्लो वर्षको विजेता पोखराले शनिबार हेटौंडा-४ हुप्रचौरमा भएको फाइनलमा सानो गौचरण काठमाडौंलाई १-० गोलअन्तरले पराजित गर्दै उपाधि रक्षा गर्न सफल भएको हो ।

पोखराका लागि एक मात्र निर्णायक गोल मनोज गुरूङले गरेका थिए । उनले खेलको ४०औं मिनेटमा गोल गर्दै आ□नो टिमका लागि उपाधि पक्का गरेका हुन् । फाइनल खेलमा पोखराका नरेश थापा म्यान अफ दी म्याच घोषित भए । विजेता पोखराले उपाधिसहित एक लाख ११ हजार १११ रूपैयाँ र उपविजेता काठमाडौंले ५१ हजार १११ रूपैयाँ प्राप्त गरेका छन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी पोखराका ईश्वर गुरूङ घोषित भए । उनले १० हजार रूपैयाँ प्राप्त गरे । प्रतियोगितामा सानो गौचरणका चुनबहादुर थापा उत्कृष्ट डिफेन्डर, पोखराका गोलरक्षक दिलीप क्षेत्री, मिडफिल्डर राजकुमार केसी, फरवार्ड मनोज गुरूङ, प्रशिक्षक अञ्जन देवकोटा उत्कृष्ट घोषित भए ।

उनीहरूले जनही नगद पाँच हजार रूपैयाँ प्राप्त गरे । प्रतियोगितामा २० टोलीको सहभागिता थियो ।

कर्पोरेट

● नेपाल बैंकको दोलखामा एक्सटेन्सन काउन्टर

नेपाल बैंक लिमिटेडले दोलखाको चरिकोटमा रहेको जिल्ला प्रशासन कार्यालयमा एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकले चरिकोटमा ३९औँ एक्सटेन्सन काउन्टर खोलेर सेवा दिन सुरू गरेको हो ।

एक्सटेन्सन काउन्टरको उद्‌घाटन दोलखाका प्रमुख जिल्ला अधिकारी रमेशप्रसाद सिवाकोटीले गरेको बैंकले जनाएको छ । एक्सटेन्सन काउन्टरबाट राहदानी लिन जिल्ला प्रशासन कार्यालयमा आउने, मालपोत एवं नापी कार्यालय, भीमेश्वर नगरपालिका कार्यालयलगायतमा आउने सेवाग्राहीले अझ छिटो-छरितो सेवा पाउने सिवाकोटीले उद्‌घाटनपछि बताएका थिए ।

बैंकले दिँदै आएको सेवा-सुविधामा अझै समसामयिक सुधार गर्न प्रजिअ सिवाकोटीले सुझाव दिएको बैंकले जनाएको छ । बैंकले देशभरमा २ सय ४ शाखा, ३९ एक्सटेन्सन काउन्टर, १ सय ४२ एटिएम तथा अन्य विभिन्न माध्यमबाट सेवा दिइरहेको जनाएको छ ।

● राष्ट्रिय वाणिज्य बैंकको ५६औँ वार्षिकोत्सव भर्चुअल माध्यमबाट

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५६औँ वार्षिकोत्सव समारोह अर्थमन्त्री विष्णुप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा भर्चुअल माध्यमबाट शनिबार सम्पन्न भएको छ । कोभिड-१९ को त्रासका बीच कार्यक्रम भर्चुअल माध्यममा गरिएको हो ।

कार्यक्रममा अर्थमन्त्री पौडेलले राष्ट्रिय वाणिज्य बैंकप्रति आमनागरिकको भरोसा, विश्वास रहेको बताएको जनाइएको छ । बैंकले आगामी दिनमा प्रविधिमार्फत दिइने बैंकिङ सेवाले आमनागरिकमा लाभ पुग्ने गरी ग्राहकमैत्री सेवाका लागि थप कार्य गर्नुपर्ने उनको भनाइ थियो ।

मन्त्री पौडेलले बैंकले सञ्चालनमा ल्याएका ५ शाखा कार्यालय र ५ एक्सटेन्सन काउन्टरको एकसाथ भर्चुअल माध्यमबाट उद्‌घाटन गरेको बैंकले जनाएको छ । कार्यक्रममा भर्चुअल माध्यमबाट नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकको समग्र स्थितिमा सुधारका लागि विगतमा धेरै कदमहरु चालिएकाले बैंकका वित्तीय अवस्था र सेवाको गुणस्तरमा सुधार भई उत्पादकत्व बढेको बताएको बैंकले जनाएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाबारे जानकारी गराउँदै पुस मसान्तसम्म २ खर्ब ४२ अर्ब रूपैयाँ निक्षेप संकलन गरी १ खर्ब ७५ अर्ब रूपैयाँ कर्जा लगानी गरेको जानकारी दिएका थिए ।

● बैंक अफ काठमाण्डूले कर्पोरेट पे सेवा दिने

बैंक अफ काठमाण्डू लिमिटेडले आफ्ना संस्थागत ग्राहकका लागि बैंक खाताबाटै विद्युतीय कारोबार गर्न सक्ने कर्पोरेट पे प्रणालीको सुरूवात गरेको छ । उक्त सेवा बैंकले नेपाल क्लियरिङ हाउस लिमिटेडसंगको सहकार्यमा उपलब्ध गराएको हो । सम्झौतामा बैंकका प्रमुख सूचना अधिकारी महेश मिश्र तथा क्लियरिङ हाउसका प्रमुख सञ्चालन अधिकृत मुन्नी राजभण्डारीले हस्ताक्षर गरेको

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

जनाइएको छ ।

बैंकका संस्थागत ग्राहकलाई डिजिटल माध्यमबाट रकम स्थानान्तरण, तलब व्यवस्थापन, सरकारी राजस्व भुक्तानीलगायत अन्य विभिन्न व्यावसायिक भुक्तानी आफ्नो बैंकमा रहेको बैंक खाताबाट सजिलै गर्न सकिने कम्पनीले जनाएको छ । उक्त प्रणालीमार्फत कनेक्ट आइपिएस वा एनसिएचएल-आइपिएस भुक्तानी कारोबारहरु गर्न सकिने सुविधा रहेको जनाइएको छ ।

बैंक अफ काठमाण्डू लिमिटेडले ९० शाखा, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट ग्राहकलाई उत्कृष्ट बैंकिङ सुविधा प्रदान गर्दै आइरहेको जनाएको छ ।

● खानेपानीको बिल आइएमई पेबाट तिर्ने सुविधा

आइएमई पे र मोरङको इन्द्रपुर साना सहरी खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ता समितिबीच सम्झौता भएको छ । उक्त क्षेत्रका खानेपानी उपभोक्ताले खानेपानीको महसुल आइएमई पे वालेटमार्फत भुक्तान गर्न सक्ने सम्झौता भएको हो । सम्झौतापत्रमा 'आइएमई पे'का अधिकृत भवानी प्याकुरेल र इन्द्रपुर खानेपानीकी सञ्चालक सुजाता चौलागाईंले हस्ताक्षर गरेको कम्पनीले जनाएको छ । यस सम्झौताबाट ६ हजार घरधुरी लाभान्वित हुने जनाइएको छ ।

● ग्लोबल आइएमई बैंक र भण्डारा दुग्ध उत्पादक सहकारी संस्थाबीच सम्झौता

ग्लोबल आइएमई बैंक लिमिटेड र भण्डारा दुग्ध उत्पादक सहकारी संस्थाबीच कृषि अनुदान कर्जामा साना किसानको पहुँच बढाउने सम्झौता भएको छ । सम्झौतामा बैंकका बागमती प्रादेशिक कार्यालय उपप्रमुख विदुर झवाली र सहकारी संस्थाका अध्यक्ष डिल्लीप्रसाद थपलियाले हस्ताक्षर गरेका हुन् ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सम्झौताअनुसार ग्लोबल आइएमई बैंकले भण्डारालगायत चितवनका विभिन्न ठाउँहरुमा बाख्रापालन, डेरी, तरकारी खेती, कुखुरापालन, बंगुरपालन, माछापालन तथा विभिन्न फलफूलहरुको उत्पादन गर्ने कृषकहरूलाई स्थानीय सहकारीको सिफारिसमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने जनाइएको छ ।

त्यस्तै, सहकारी संस्थाले बैंकको सिफारिसमा साना किसानलाई आवश्यक तालिमको व्यवस्था गर्ने बैंकले जनाएको छ । बैंकले देशभरमा २ सय ६४ शाखा, २ सय ४० एटिएम, २ सय ४४ शाखारहित बैंकिङ सेवा, ४७ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिइरहेको जनाएको छ ।

● राष्ट्रिय वाणिज्य बैंक र विभिन्न संस्थाहरूबीच सम्झौता

राष्ट्रिय वाणिज्य बैंकमार्फत भुक्तानी हुने कुनै पनि किसिमको कर तथा राजस्व करदाताले आफ्नो मोबाइल बैंकिङबाटै भुक्तानी गर्न सक्ने भएका छन् । मोबाइल बैंकिङमार्फत कर तथा राजस्व भुक्तानी गर्न सकिने व्यवस्थाका लागि बैंक, नेपाल क्लियरिङ हाउस, खल्ती, आइएमई पे, प्रभु पे र नेपाल पेबीच सम्झौता भएको हो ।

सम्झौतामा बैंकका उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनी, नेपाल क्लियरिङ हाउसका प्रमुख सञ्चालन अधिकृत मुन्नी राजभण्डारी, खल्तीका प्रोडक्ट डेभलपमेन्ट प्रबन्धक अनमोल, आइएमई पेका व्यवसाय विकास प्रमुख अमोद भट्टराई, प्रभु पेका प्रबन्ध सञ्चालक कुसुम लामा र नेपाल पेका प्रमुख सञ्चालन अधिकृत मालिका भट्टराईले हस्ताक्षर गरेको बैंकले जनाएको छ ।

सम्झौताअनुसार करदाताले आन्तरिक राजस्व विभागअन्तर्गतका कुनै पनि राजस्व कार्यालयको भ्याट, सम्पत्ति कर, व्यवसाय कर तथा अन्य सेवाशुल्क मोबाइल बैंकिङबाट सहजै रकम भुक्तानी गर्न सक्ने जनाइएको छ । त्यस्तै, राष्ट्रिय वाणिज्य बैंकमार्फत बुझाइने अन्य कुनै पनि किसिमका कर तथा राजस्व पनि यसबाट भुक्तानी गर्न सकिने जनाइएको छ ।

● सबैभन्दा बढी ब्याज दिएको एनएमबिको दाबी

एनएमबि बैंकले आफ्ना निक्षेपकर्तालाई नेपालमा रहेका वाणिज्य बैंकहरुमा सबैभन्दा बढी ब्याजदर प्रदान गर्ने गरेको दाबी गरेको छ । माघ महिनाअघिदेखि नै बचतमा ५ दशमलव १ प्रतिशतसम्म र मुद्दतीमा ८ दशमलव १ प्रतिशतसम्म ब्याज दिएको बैंकले जनाएको हो ।

हाल बैंकहरुमा निक्षेप बढेको र साना निक्षेपकर्तालाई बचतमा न्यून ब्याज प्राप्त भई लगानीको प्रतिफल सन्तोषजनक नरहेको कारण सबै वर्गलाई समेट्ने गरी बढी ब्याज प्रदान गरेको बैंकले जनाएको छ ।

मुख्यतया, बैंकहरु कर्जा सापटीमा केन्द्रित भएको देखिए तापनि चार वर्षमा तीनपटक बैंक अफ दी इयर अवार्ड पाएको एनएमबिले भने ससाना निक्षेपकर्तालाई मर्का नपरोस् भनेर अधिकतम ब्याजको योजना अघि सारेको उल्लेख गरेको छ ।

● नेपाल इन्भेष्टमेन्ट बैंक र सिटी एक्सप्रेस फाइनान्सबीच संयुक्त कारोबार सुरु

नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडले सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेडबीच एकीकृत कारोबार सुरू गरेको छ । बैंकले एकीकृत कारोबार तीनवटा शाखाबाट सुरू गरेको हो ।

बैंकले काठमाडौंको घण्टाघर, झापाको बिर्तामोड र उदयपुरको गाईघाटमा थपिएका शाखाले ग्राहकलाई गुणस्तरीय सेवा दिइने बैंकले जनाएको छ । योसँगै बैंकका ८६ शाखा, १ सय २८ एटिएम, २० एक्सटेन्सन काउन्टर, १० राजस्व संकलन काउन्टर र ५९ शाखारहित बैंकिङ काउन्टर पुगेको जनाइएको छ ।



जनताले नै...

बढेको छ । नेकपाको विभाजनको टुँग्गो समेत लागि नसकेको र ओली, दाहाल–नेपाल दुवै पक्षले दल विभाजन ऐनले व्यवस्था गरेको प्रक्रिया भित्र पस्न नचाहेका हुनाले निर्वाचन आयोगले नेकपाको विवादका बारेमा र नाम, झण्डा र चुनाव चिन्हका बारेमा कुनै निर्णय गर्न नसक्ने अवस्थ रहकोले गर्दा अब निर्वाचन आयोगले माघ ११ गते गरेको निर्णयका बारेमा समेत अदालतमा मुद्दा दर्ता हुने पक्का पक्की भएपछि त्यसको छिनोफानो समेत अदालतबाटै हुनुपर्ने भएकाले के निर्धारित मितिमै निर्वाचन होला त भन्ने प्रश्न समेत उठ्न थालेको छ । निर्वाचन आयोगले अबको केही दिन भित्रमा निर्वाचनका लागि राजनीतिक दलहरूलाई दल दर्ताको लागि आह्वान गर्नुपर्ने हुन्छ । त्यसबेला दुवै पक्षले नेकपाको दाबी गरेमा निर्वाचन आयोगले के निर्णय गर्ला ? नेकपाका दुवै पक्षलाई बाहिर राखेर गरिने निर्वाचनको कुनै अर्थ रहँदैन, त्यसैले दल दर्ता गर्नु अघि नै नेकपाको विभाजनले निकास पाउनु पर्दछ ।

नेकपाका दुवै पक्षले एकले अर्कोलाई पार्टीबाट निष्कासन गर्दै कारबाहीको प्रक्रिया नै अघि बढाईसकेको अवस्थामा निर्वाचन आयोगले नेकपाको पहिलो अध्यक्ष केपी ओली दोस्रो अध्यक्षमा पुष्पकमल दाहाल पार्टीका वरिष्ठ नेतामा झलनाथ, माधव नेपाल र महासचिवमा विष्णु पौडेल नै रहेको निर्णय गरेपश्चात् पनि ओली, दाहाल-नेपाल पक्षले आ आफ्नो दाबीलाई छोडेका छैनन् भने एकले अर्कोलाई तल्लो स्तरको भाषणा प्रयोग गरी गाली गलौजा गरिरहेकाले अब ओली, दाहाल–नेपाल एकै ठाउँमा बस्न सक्ने अवस्था पनि देखिँदैन तर उनीहरु कानुनी रूपमा विभाजित पनि हुन सकिरहेका छैनन् । निर्वाचन आयोगले अबको केही दिन भित्रमा निर्वाचनका लागि राजनीतिक दलहरूलाई दल दर्ताको लागि आह्वान गर्नुपर्ने हुन्छ त्यसबेला दुवै पक्षले नेकपाको दाबी गरेमा निर्वाचन आयोगले के निर्णय गर्ला ?

यदि दुवै पक्ष ओली दाहाल, नेपालले दल विभाजन ऐनको दफा ४३ र ४४ वा प्रवेश गर्न नचाहेको खण्डमा निर्वाचन आयोगले अहिलेको नेपाल कम्युनिष्ट पार्टीको नाम, झण्डा र चिन्हलाई होल्ड गरेर दुवै पक्षलाई अर्को नाम, झण्डा र चुनाव चिन्ह दिन सक्छ ? के ओली, दाहाल पक्षले त्यो स्वीकार गर्न सक्लान् त ? भन्ने प्रश्न समेत उठ्न थालेको छ । निर्वाचन अनिवार्य सर्त हो । निर्वाचन हुनैपर्दछ । विघटन भईसकेको प्रतिनिधिसभा पुर्नस्थपना भएको अबस्थामा समेत त्यसले सही रूमा समस्याको समाधान हुन सक्दैन, सही रूपमा समस्याको समाधान सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले मात्र दिन सक्ने हुँदा सर्बोच्च अदालतको सम्वैधानिक इजलासले जति सक्दो चाँडो निर्णय दिनु उपयुक्त हुनेछ । दाहाल–नेपाल पक्षले मुद्दालाई लम्ब्याउन चाहेको जस्तो देखिएको छ । लामो समयसम्म बहस पैरवी भईरहेको खण्डमा त्यसले निर्वाचनलाई प्रभावित पार्ने निश्चित जस्तै भएकाले जति सक्दो चाँडो अदालतले निर्वाचनको बाटो खोलि सार्वभौमसत्ता सम्पन्न जनतालाई नै निर्णय गर्न दिनु जनताको जित हुनेछ ।

नेकपा...

उक्त निर्णयलाई दाहाल-नेपाल पक्षले निर्वाचन आयोगको आग्रह भनेका छन् । माधव नेपालले समेत बहुमत सदस्यहरूले गरेको निर्णयलाई अस्वीकार गरेर निर्वाचन आयोगले पक्षपाती निर्णय गरेको आरोप लगाएका छन् । उनका अनुसार निर्वाचन आयोगले केपी ओली पक्षलाई सजिलो पारिदिने जुन निर्णय निर्वाचन आयोगले गरेको छ त्यो निर्णयले गर्दा निर्वाचन आयोगको नियत ठीक छैन भन्ने पुष्टि भएको छ भन्ने आरोप नेपालले लगाएका छन् । नेपालका अनुसार बहुमत सदस्यहरूले गरेको निर्णयलाई निर्वाचन आयोगले मान्नु पर्दछ कि पर्दैन भन्दै निर्वाचन आयोग नै पक्षपाती भएको आरोप समेत लगाउँदै आएका छन् । केपी ओलीलाई ४ सय ४१ जना केन्द्रीय सदस्यले पार्टी अध्यक्षमा चुनेपछि बहमुत सदस्यले उनलाई हटाउन सक्ने भन्दै त्यसै अनुरूप हटाइएको बताउँदै आफूलाई बहुमत सदस्यले अध्यक्षमा चुनेकामा निर्वाचन आयोगले अध्यक्ष अस्वीकार गर्न सक्ने अवस्था नै नरहेको बताउँदै आयोगको निर्णयप्रति रोष समेत प्रकट गरेका छन् । दाहाल-नेपाल पक्षले निर्वाचन आयोगले त्रुटीपूर्ण निर्णय गरेको भन्दै आफ्नो निर्णयबारे पुनरावलोकन गर्न फेरी एक पटक आयोगमा निवेदन दिने भएका छन् ।

प्रतिनिधिसभा पुस ५ गते विघटन भईसकेको र निर्वाचनको मिति समेत तोकिसकेको अवस्थामा नेपाल कम्युनिष्ट पार्टी भित्र देखिएको विवादले गर्दा निर्वाचन नै प्रभावित हुन सक्ने अवस्था देखिएको छ । दाहाल-नेपाल पक्षले आफूहरु बहुमतमा रहेको भन्दै आएका भएपनि उनीहरु दल विभाजन सम्बन्धी ऐन अनुसार अघि बढ्न नचाहेको हुनाले नेकपा विभाजनले बैधाकिता पाउन सकेको छैन । बैधाकिन रूपले नेकपा विभाजन भई नसकेको भएपनि अनौपचारिक रूपमा नेकपा विभाजित भई सकेको छ ।

केपी ओली पक्ष र दाहाल नेपाल पक्षले आफूहरु नै बैधानिक नेकपा भएको बताउँदै आएपनि निर्वाचन आयोगले भने नेकपा सिँगो भएको निर्णय गरेको छ । पार्टी विभाजनको भारी बोक्न दुवै पक्ष तयार नभएकोले गर्दा अब दुई पक्ष मध्येका एक पक्ष अदालतमा गएर अदालतबाटै निर्णय गराउनु बाहेक उनीहरूसँग अर्को विकल्प देखिँदैन कि त दुवै पक्ष फेरी एकै ठाउँमा आउन सक्नुपर्‍यो त्यो अहिले नै सम्भव देखिँदैन त्यही कारण नेकपा विभाजन पेचिलो बन्दै गएको छ ।

बैधानिक...

अर्कोलाई कारबाही गर्ने र पार्टीबाटै हटाउने अनि पदाधिकारीहरुको हेरफेर गर्ने दलसम्बन्धी ऐनको दफा ५१ लाई प्रयोग गरेर आ आफ्ना निर्णयहरु दल दर्ता कितावमा अभिलेख गरि दिन निर्वाचन आयोगलाई पत्राचार मात्र गरेका थिए । उनीहरु दल विभाजनसम्बन्धी ऐनको दफा ४३ र ४४ ले गरेको व्यवस्थामा प्रवेश नै नगरेको हुनाले आयोगले कानुनी रूपमा नेकपा एउटै भएको निर्णय गरेको हो । दल विभाजनसम्बन्धी ऐनको ४३ र ४४ मा उल्लेख भएनुसार दल विभाजनका लागि केन्द्रीय समितिमा र संसदीय दलमा कम्तिमा ४० प्रतिशत सदस्यहरु हुनुपर्ने व्यवस्था गरेको छ । ४० प्रतिशत आफ्नो पक्षमा रहेकाले दल विभाजन गर्न पाउनुपर्ने माग दावी दुवै पक्षले गरेनन् ।

पार्टी विभाजनको भारी दुवै पक्षले बोक्न नचाहेका हुनाले उनीहरु दल विभाजन ऐनले व्यवस्था गरेनुसारको प्रक्रियामै प्रवेश गर्न नचाहेका हुन् । ओली दाहाल एकै ठाउँमा पनि बस्न नसक्ने र दल विभाजन सम्बन्धी ऐनले व्यवस्था गरेको प्रावधानभित्र पनि पस्न नचाहेका हुनाले अब निर्वाचन आयोगले ११ माघमा गरेको नर्णियका विरूद्ध एक पक्ष सर्बोच्च अदालत जानु बाहेक अर्को विकल्प देखिँदैन । दलको आधिकारिकता दाबी गर्दै राजनीतिक दल सम्बन्धी ऐन दफा ४३ र ४४ को प्रक्रियामा अघि बढ्ने बाहेक अर्को विकल्प देखिँदैन । प्रतिनिधिसभा विघटन हुनुअघि नेपाल कम्युनिष्ट पार्टी जुन अवस्थामा थियो अहिलेपनि त्यही अवस्थामा रहेको र प्रतिनिधिसभाको विघटनपछि नेकपा एकै भएको अवस्थामा भएको देखिएको छ । प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दा सर्बोच्च अदालतको सम्वैधानिक अदालतमा सुनुवाई कै क्रममा रहेको र सत्ताधारी दल नेकपापनि कानुनी रूपमा विभाजन नभएको अवस्थामा र संसदबाट अर्को सरकार बन्न सक्ने अवस्था नरहेकोले प्रतिनिधिसभा विघटन कानुनसम्वत भएको एकथरीले चर्चा गर्न थालेका छन् । नेकपाभित्रको विवाद बढ्दै गएमा नेपालको राजनीतिक अर्को संकटमा थपिएको छ ।

मौकामा...

भयो भने ओली पक्षले बहुमत ल्याउँछौं भन्नु सही होइन, प्रचण्ड पक्षको अवस्था पनि उचित हुनेछैन । वामदेव गौतमले आफूले ओली र प्रचण्डबीच एकता गराउने अभियान थालेको यहीकारण हो भन्दै एकता गराइछाड्ने प्रतिज्ञा गरेका छन् ।

तर, गाउँस्तरसम्म ओली र प्रचण्ड-माधव कित्ता अलग भइरहेको अवस्थालाई चिरेर एक गराउनु वामदेवको बुताको कुरा देखिदैन । अदालतले संसद पुनर्स्थापना नै गरिदियो भने पनि यी दुई गुटमध्ये एउटा गुट प्रतिपक्षसँग मिलेर सत्तामा जाने पक्का स्थितिको विश्लेषण भइरहेको देखिन्छ । जेहोस्, वामदेव गौतमले मौकामा चौका दाउ खेलेका छन्, चुनाव हारेर राष्ट्रिय सभामा मनोनित हुन लज्जावोध नगर्नेले नेकपालाई एकता गराउलान र ?

फासीवादी...

ओली सरकारले आफ्ना नेता कार्यकर्ताहरूलाई पक्राउ गर्दै जेल भर्न थालेपछि विप्लवको विद्रोही आवाजको आगो बलेको हो । विप्लव रिसाउँदा ओलीविरोद्ध आन्दोलित प्रचण्ड-माधव खेमाले आफूलाई बलियो भएको ठानेको छ । यता बैद्य समूहले वार्ता गरेर विप्लवसँग मिलेर आन्दोलन अघि बढाउने निर्णय गरिसकेको छ । यो अवस्थाले विप्लवको बाटो र प्रचण्डको बाटो अलग देखिन्छ । स्रोतहरु भन्छन्- विप्लवसँग प्रचण्डको भित्री वार्तालाप सुरू भएको छ । ओलीले पूर्वलडाकालाई साथमा लिनथालेपछि प्रचण्डले विप्लवको सहारा खोजेको अर्थमा यो मित्रमिलापलाई हेरिएको छ ।

हाताहाती...

किन गर्ने भनेर जनतालाई बुझाउन सकेन । उनीहरूले प्रधानमन्त्रीको विरोध गर्ने बाहेक अन्य केही नयाँ कुरा आफ्ना कार्यकर्तालाई दिन सकेनन् । नेता भएपछि हामीले जे बोलेपछि हुन्छ हामीले बोलेको कुरालाई जनताले पत्याईदिन्छन् भन्ने गलत मानसिकता उनीहरूमा देखिएको छ । दाहाल–नेपाललाई कुर्सीमा पुऱ्याईदिन जनता किन सडकमा आईदिनुपर्ने ?

बेला न कुबेला अध्यक्ष बन्ने लोभमा नेकपाका वरिष्ठ नेता माधव नेपाल दाहाल पक्षमा लागेर अध्यक्ष बनेका भएपनि अध्यक्ष बनेको एक महिना ४ दिनमै उनको अध्यक्ष पद खुस्किएको छ । पुष्पकमल दाहाल पूर्व एमालेभित्र रहेका गुट उपगुटहरूमा सियो बनेर छिर्ने र फाली बनेर निस्कने उदेश्य लिएर तत्कालिन नेकपा एमाले र माओवादी केन्द्रलाई एकीकरण नर्ग राजि भएका थिए । पहिलो संविधानसभाको निर्वाचनमा सबै भन्दा ठुलो पार्टी भएको माओवादी दोस्रो संविधानसभाको निर्वाचनमा तेस्रो पार्टीमा खुम्चन बाध्य भएपछि सत्तामा पुग्ने दाहालको सपना चकनाचुर भएको थियो । त्यही भएर पार्टी एकीकरण भएको हो ।

पार्टी अनौपचारिक रूपमा विभाजन भएपनि बैधानिक रूपमा नेकपा एक रहेको निर्वाचन आयोगले निर्णय गरेपछि आफूहरूसँग बहुमत रहेको भन्दै आएको दाहाल–नेपाल पक्ष झस्याङ्ग भएको छ । प्रधानमन्त्री ओलीले अब नेकपाको महाधिवेशन आफू अध्यक्षको उम्मेदवार नहुने अभिव्यक्ति सार्वजनिक रूपमै दिँदै आएका र महाधिवेशन सम्म कुर्न र अर्को निर्वाचन पछि प्रधानमन्त्री बन्न दाहाललाई आग्रह गरेका भएपनि अहिले नै प्रधानमन्त्री चाहियो भनेका हुनाले नेकपामा मात्र होइन देशमै संकटमा परेको छ । त्यसको एउटै कारण हो दाहाल-नेपाल पक्ष । नेकपा मिलेर अघि बढेको भए मुलुकमा स्थायित्व आउने र मुलुकमा विकास निर्माण हुने थियो दाहाल–नेपालले नै त्यसलाई अवरोध गरेका छन् ।

कोरोना भाइरसले गर्दा जनता आक्रान्त भएका बेला दाहाल–नेपाल पक्ष कुन कुनामा बसेका थिए ? जनताले औषधि उपचार नपाउँदा उनीहरु किन मौन बसे ? मुलुकमा भ्रष्टाचार बढेको छ, भ्रष्टाचारमा नेताहरु नै संलग्न भएका छन् । किन पटक पटक माधव नेपालले मलाई जेल हाल्ने षड्यनत्र हुँदैछ भनेर कुर्लिनु परेको छ ? उनी भ्रष्टाचारमा संलग्न छैनन् भने डराउनुपर्ने कारण के हो ? कुर्सीको लोभ छैन भने अनि उधारोमा होइन हाताहाती सहमति गरौं भन्नुको अर्थ के ? दाहाल–नेपाल आज किन जनतामा जान डराएर मरिसकेको प्रतिनिधिसभा पुर्नस्थापना नभएमा आँधी बेहरी ल्याउँछौं भन्दै धम्कीको भाषामा अदालतलाई धम्क्याईरहेका छन् ? हिजो सम्म मिलेर खाँदा ठिक अहिले आफ्नो स्वार्थ पूरा भएन भनेर आफ्नो स्वार्थ पूरा गर्न जनतालाई सडकमा ल्याउने कार्य कति उचित ?

निर्णय गर्ने...

नेकपाका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली र पुष्पकमल दाहाल दुवै पक्षले आफूँ नै नेकपाको आधिकारिक अध्यक्ष भएको र पार्टीको झण्डा, चुनाव चिन्ह आफ्नै भएको दाबी गरिरहेका छन् । निर्वाचन आयोगले अबको केही दिन भित्रमा दलहरूलाई निर्वाचनको लागि दल दर्ता गर्न सूचना जारी गर्नुपर्ने हुन्छ । निर्वाचनको लागि दल दर्ता गर्नुपर्ने सम्वैधानिक व्यवस्था भएको र दल दर्ता नभएको खण्डमा त्यस्तो दलले निर्वाचनमा भाग लिन नपाउने व्यवस्था भएकाले अब दुवै पक्ष मध्येको एक पक्ष अदालतमा जानु बाहेक अर्को विकल्प देखिँदैन । अहिलेको अवस्थामा ओली दाहाल एउटै पार्टीमा बस्न सक्ने अवस्था नभएको र सर्बोच्च अदालतले प्रतिनिधिसभा विघटनलाई सदर गरेको खण्डमा निर्वाचन हुने निश्चित जस्तै रहेको छ ।

प्रतिनिधिसभा विघटन हुँदा नेकपा एउटै थियो भने प्रमाण त निर्वाचन आयोगले नै प्रमाणित गरिदिएको छ । प्रतिनिधिसभा विघटन हुँदा सम्मका नेकपाका १७४ सांसद रहेका थिए । विपक्षमा १०१ मात्र सांसद रहेकोले अर्को सरकार बन्न सक्ने अवस्था समेत थिएन । तत्कालिन प्रतिनिधिसभामा जम्मा २ सय ७५ सांसद रहेकोमा सत्ताधारी दलसँग १ सय ७४ सांसद रहेको अवस्थामा बैकल्पिक सरकार बन्न सक्ने अवस्था नै हुँदैन थियो । बैकल्पिक सरकार निर्माणका लागि १ सय ३८ सांसदको आवश्यकता पर्नेमा विपक्षमा १ सय १ मा सांसद हुनुले बैकल्पिक सरकार बन्न सक्छ भन्नु आकाश खस्न सक्छ भन्नु सरह हो ।

प्रतिनिधिसभा विघटन हुँदासम्म प्रधानमन्त्रीको विरूद्धमा अविश्वास प्रस्ताव संसदमा दर्ता नभएको प्रधानमन्त्री ओलीलाई संसदीय दलबाट नहटाइएको सत्ताधारी दल विभाजन नभएकाले गर्दा अदालतले समेत बैकल्पिक सरकार बन्न सक्ने अवस्था थियो भन्ने सक्ने अवस्था देखिँदैन । प्रतिनिधिसभा विघटन पछि मात्र नेकपा अनौपचारिक रूपमा विभाजन भएकोले गर्दा बहुमत प्राप्त प्रधानमन्त्रीले गरेको निर्णयलाई प्रतिनिधिसभा विघटन भएपछिका काम कारबाहीले कुनै असर पार्न सक्दैन । प्रतिनिधिसभाको विघटनसँगै नयाँ निर्वाचनको मिति समेत तोकिसकिएकोले गर्दा अब अदालतले समेत ताजा जनादेशका बाटो खोलिदिनु नै उपयुक्त हुनेछ । सार्वभौमसत्ता जनताको ताजा जनादेश लिन्छु भन्नु जनताको हितमा नै देखिन्छ । यदि जनता सॉच्चिकै सार्वभौमसत्ता हुन् भने जनतालाई भोट हाल्ने अधिकारबाट बञ्चित गर्नु उपर्युक्त हुँदैन ।

शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले,

- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं ।
- शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने व्यवस्था मिलाऔं ।
- चिसोका कारण पुशपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं ।
- कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७८०२९५, मो. : ९८४१२५४८८५ • इमेल : abhiyanweekly40@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार